# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २५५ | काठमाडौं | शुक्रबार, २६ पुस २०८१ | Prabhab National Daily | Friday, January 10, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## दश वर्षभित्र २८ हजार मेगावाट विद्युत उत्पादनको लक्ष्य



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले दश वर्षभित्र २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य प्रस्तुत गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाईमन्त्री दिपक खड्काले बिहीबार सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित 'ऊर्जा विकास मार्गचित्र-२०८१' प्रस्तुत गरेका हुन्।

हाल नेपालसँग विद्युत जडित क्षमता ३१ सय मेगावाट छ। २८ हजार ५०० मेगावाट विद्युत क्षमता पुऱ्याउने थप २६ हजार मेगावाट विद्युत उत्पादन गर्नुपर्ने देखिन्छ। जसका लागि ५० अर्ब अमेरिकी डलर चाहिने अनुमान सरकारले गरेको छ।

यो आयोजना अघि बढेमा देशमा अवसर नै अवसर हुने स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्की बताउँछन्। तर यसका लागि एकद्वार प्रणालीमार्फत काम अघि बढ्नुपर्ने उनको धारणा छ। 'अहिले हामी १४ मन्त्रालय र ४० भन्दा बढी विभागमा पुगेर बल्ल एउटा आयोजना पूरा गर्न सक्छौं। सरकारले २८ हजार मेगावाट उत्पादन गर्ने लक्ष्य राखेको छ। २८ हजार मेगावाट उत्पादनको सपना पूरा गर्नको लागि एकद्वार प्रणालीमार्फत काम हुने वातावरण बनाउनुपर्छ,' कार्कीले भने।

लक्षित विद्युत उत्पादनका लागि ३ हजार ७०० मेगावाटका आयोजनामा भारतीय लगानीकर्ताले ७.७ अर्ब अमेरिकी डलर लगानी गर्ने र बाँकी २२ हजार ३०० मेगावाटका लागि सरकार, निजी क्षेत्र, विद्युत प्राधिकरण र अन्य निकायबाट ४२.३ अर्ब डलर लगानी गर्ने भनिएको छ। ४२.३ अर्ब डलरमध्ये २ अर्ब ६० करोड डलर लगानीका लागि वित्तीय व्यवस्थापन भइसकेको मन्त्री खड्काले जनाएको छ।

### आफूविरूद्धको आरोप पुष्टि गर्न मन्त्रीको चुनौती

ऊर्जामन्त्री खड्काले आफूविरुद्धको आरोप पुष्टि गर्न चुनौती पेश गरेका छन्। विभिन्न सञ्चार माध्यमले आफूविरुद्ध विभिन्न आरोप लगाएर समाचार लेखेको उल्लेख गर्दै उनले ती समाचार पुष्टि भए आफूले पुरस्कारसमेत दिने बताए। 'गलत समाचार सम्प्रेषन नगर्नुहोला। पीत पत्रकारिता गरेर पेट पाल्नु हुन्न। कसैले प्रमाणित गरे म पुरस्कार दिन चाहन्छु। आफै पनि ठगिनुहुन्छ,' खड्काले भने।

पछिल्ला दिन मन्त्री खड्काले नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाउन निरन्तर दबाब दिँदै आएका छन्। आफ्नो कार्यकर्ता भर्ती गर्न नमानेपछि खड्काले सोमबारमात्र घिसिङलाई सात दिने स्पष्टीकरणपत्र सोधेका छन्।

क्रमशः पृष्ठ २ मा

# रवि ८४ दिनपछि रिहा

- छवि, रवि, रामबहादुर, मीना, आरती र कृष्ण धरौटी बुझाएर रिहा
- अहिले नै रवि लामिछाने कसुरदार रहेनछन् भन्न सकिने मनासिव आधार देखिएन
- धरौटीमा छाड्न अदालतले दिएको आदेशले रास्वपाका नेता कार्यकर्तामा खुसियाली

■ जेबी योञ्जन

**काठमाडौं–** पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पक्राउ परेको ८४ दिनपछि धरौटीमा रिहा भएका छन्। बैंक ग्यारेन्टीमार्फत धरौटी बुझाएर लामिछाने बिहीबार राति रिहा भएका हुन्।

कास्की जिल्ला अदालतले तत्कालीन गोर्खा मिडियाका प्रबन्ध निर्देशकसमेत रहेका लामिछानेलाई कसुरदार रहेनछन् भन्ने आधार नदेखिएको भन्दै ६५ लाख धरौटीमा रिहा गर्न आदेश दिएको थियो। आदेशसँगै धरौटी बुझाएर लामिछाने रिहा भएका हुन्।

न्यायाधीश नितीज राईको इजलासले बिहीबार लामिछानेलाई धरौटीमा छाड्न आदेश दिएको हो। अदालतमा उनले सहकारी ठगीमा इन्कारी बयान दिएका थिए। अदालतले भने लामिछानेको बयानलाई अस्वीकार गर्दै तत्काल प्राप्त प्रमाणका आधारमा धरौटीमा मात्रै छाड्न आदेश दिएको हो।

त्यस क्रममा प्रतिवादी लामिछानेको एकल हस्ताक्षरबाट गोर्खा मिडिया कम्पनीको ८१४ वटा चेकहरूको कारोबार भएको, उनी गोर्खा मिडिया कम्पनीको आधिकारिक व्यक्ति भएको, गोर्खा मिडियामा जानुअघि र कम्पनीबाट अलग भएपश्चात पनि केही चेकहरूमा हस्ताक्षर गरेको देखिएको, प्रबन्ध निर्देशकजस्तो जिम्मेवार पदमा रही चेकमा हस्ताक्षर गर्ने गरेको लगायतका आधार लिएको छ।

आदेशमा छ, 'प्रतिवादी रवि लामिछानेको हकमा रवि लामिछानले उक्त रकम गोर्खा मिडिया नेटवर्क प्रालिको नाममा सञ्चालनमा रहेको ग्लोबल आइएमई बैंकको खाता नम्बरबाट सन् २०२१ को जनवरी २२ मा जम्मा गरेको देखिँदा सहकारीको रकम निज प्रतिवादीको खातामा आउने र त्यहाँबाट अन्यत्र जाने कार्यसमेत भएको देखिएको र अन्य प्रतिवादीसँगको अन्तरसम्बन्ध तथा बैंक खाताको ट्रान्जेक्सनको आधारमा प्राप्त प्रमाणबाट निज प्रतिवादी अहिले नै कसुरदार रहेनछन् भन्न सकिने मनासिव आधार नदेखिएता पनि तत्काल माथि उल्लेखित प्रमाणबाट पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा निज प्रतिवादी रवि लामिछानेबाट फौजदारी अपराध कार्यविधि संहिताको ०६८ र ०७२ समेतको आधारमा धरौटीको ६५ लाख लिई वा सो बराबरको जेथा वा बैंक जमानत लिई वा दिन नसकेमा दफा ८० बमोजिम थुनामा राख्नू।'

अदालतको आदेशपछि लामिछानेले पार्टीका नेताहरूलाई भेटेका छन्। भेटपछि रास्वपा सांसद सोबिता गौतमले लामिछानेले आदेशपछि भेट्दा आफूले गलत नगरेको प्रतिक्रिया दिएको पत्रकारहरूलाई जानकारी दिइन्।

क्रमशः पृष्ठ २ मा



### कसलाई कति धरौटी ?

| | |
|---|---|
| पूर्वडीआईजी छविलाल जोशी | ८८ लाख |
| पूर्वगृहमन्त्री रवि लामिछाने | ६५ लाख |
| लीला पछाई | ३७ लाख |
| पूर्वप्रहरी रामबहादुर खनाल | १५ लाख |
| पूर्वसांसद मीना गुरूङ | ५ लाख |

> राज्य पछि लागेपछि कसैको केही लाग्दैन भन्ने भाष्यलाई गलत हो भन्ने स्थापित गऱ्यो। राज्य, गठबन्धनले जतिसुकै प्रतिशोध गरे पनि न्यायालयमाथि विश्वास थियो, जुन अझ बढेर गएको छ।
>
> ■ मनिष झा
> कार्यवाहक प्रवक्ता, रास्वपा

### आफैं अदालतमा हाजिर हुने इच्छा

काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगीमा पनि लामिछाने प्रतिवादी छन्। जिल्ला अदालत काठमाडौंले यसअघि नै लामिछानेसहितका प्रतिवादीहरूविरुद्ध पक्राउ पूर्जी जारी गरिसकेको छ। सरकारी वकिल कार्यालयले प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला अदालतमा मुद्दा दायर गरिसकेको छ। यसले गर्दा पोखराको सूर्यदर्शन सहकारी ठगीमा धरौटीमा रिहा भएका लामिछाने फेरि पक्राउ पर्ने अवस्था छ। तर, रविले आफैं अदालतमा उपस्थित हुने इच्छा गरेका छन्।

रवि काठमाडौंको स्वर्णलक्ष्मीसँगै रूपन्देहीको सुप्रिम सहकारी, चितवनको सहारासँगै पर्साको सानो पाइला सहकारी ठगीमा पनि आरोपी छन्। तत्कालीन गोर्खा मिडिया नेटवर्कले सञ्चालन गरेको ग्यालेक्सी फोरके टेलिभिजनमा प्रबन्ध निर्देशक छँदा लामिछानेले नेटवर्कका अध्यक्ष गितेन्द्रबाबु (जीबी) राईले विभिन्न सहकारीबाट अवैधानिक रूपले ल्याएको हजारौं बचतकर्ताको बचतलाई अपचलन गरेको आरोप छ। जीबी भने हालसम्म फरार छन्।

गत ४ असोजमा सांसद सूर्य थापा संयोजक रहेको संसदीय छानबिन समितिले लामिछानेलाई सहकारीको बचत अपचलनमा जिम्मेवार रहेको ठहर गरेको थियो। सोही आधारमा प्रहरीले पक्राउ गरेर लामिछानेसहितलाई अनुसन्धान गरेको हो। प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले जिल्ला अदालतमा मुद्दा दायर गरेको हो।

**सन्दर्भः वैदेशिक रोजगार**

# श्रम कूटनीतिमा असफल बन्दै सरकार

■ ममता थापा

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने नेपालीको चाप बढ्दै गए पनि श्रम गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गर्ने कार्यमा सरकार कमजोर देखिएको छ। नेपालीहरूको रोजगार गन्तव्य विस्तार हुँदै गएको सन्दर्भमा ती मुलुकहरूसँग श्रम सम्झौता सरकारको प्राथमितामा पर्नुपर्ने हो। तर, सरकारले यसलाई प्राथमिकतामा राखेर काम गर्न नसकेको सरोकारवालाहरू बताउँछन्।

श्रम सम्झौता नहुँदा गन्तव्य मुलुकमा गएर काम गर्ने कामदारहरूको सुरक्षाका साथै उनीहरूको श्रम अधिकार कुण्ठित हुने कुरामा सरकार सजग बन्न नसकेको देखिन्छ। हाल विश्वका १७८ मुलुकमा नेपालीहरू रोजगारीका लागि पुगेका सरकारी तथ्यांकमा देखिन्छ। तर अहिलेसम्म १२ वटा देशसँग भएको श्रम सम्झौतालाई मात्र सफलता मानेर बसेको छ सरकार। हालसम्म श्रम सम्झौता भएका मुलुकहरूमा कतार, दक्षिण कोरिया, बहराइन, जोर्डन, मलेसिया, जापान, मरिसस, युनाइटेड अरब इमिरेट्स (युएई), इजरायल, बेलायत, रोमानिया र जर्मनी हुन्। नेपालीहरूको प्रमुख गन्तव्यको रूपमा रहेको साउदी अरेबियासँगसमेत श्रम सम्झौता हुन सकेको छैन।

श्रम सम्झौता भइसकेका मुलुकहरूसँग पनि समयमा नवीकरण गर्न सरकार असफल देखिएको छ। हाल तीनवटा मुलुकसँग सम्झौता नवीकरण गर्नुपर्ने छ। मलेसियासँगको सम्झौता वि.सं. २०७९ मै नवीकरण हुनुपर्ने थियो तर दुई वर्ष बित्दासम्म हुन सकेको छैन। श्रम सम्झौता नवीकरणका लागि निरन्तर प्रयास गर्दै आए पनि मलेसिया सरकारको बेवास्ताले सम्भव हुन नसकेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहायक प्रवक्ता वसन्त बोहोरा बताउँछन्। दक्षिण कोरियासँग भएको श्रम सम्झौताको म्याद सन् २०२० मै सकिएको हो। कोरियाकै विभिन्न समस्याले श्रम सम्झौता नवीकरणमा ढिलाइ भएको मन्त्रालयको जवाफ छ।




> श्रम सम्झौता नहुँदा गन्तव्य मुलुकमा गएर काम गर्ने कामदारहरूको सुरक्षाका साथै उनीहरूको श्रम अधिकार कुण्ठित हुने कुरामा सरकार सजग बन्न नसकेको देखिन्छ। हाल विश्वका १७८ मुलुकमा नेपालीहरु रोजगारीका लागि पुगेका सरकारी तथ्यांकमा देखिन्छ। तर अहिलेसम्म १२ वटा देशसँग भएको श्रम सम्झौतालाई मात्र सफलता मानेर बसेको छ सरकार।

त्यसैगरी, कतारसँगको सम्झौता पुनरावलोकनको विषय त्यत्तिकै अल्झिएको छ। सन् २००५ मा भएको सम्झौताबमोजिम श्रमिकहरू काम गर्न बाध्य हुँदा, उनीहरू समयसापेक्ष सेवा सुविधाबाट वञ्चित छन्। पुनरावलोकनको प्रयास गरिए पनि सफल हुन सकेको छैन। यता, अफ्रिकी मुलुक मौरिससँग सन् २०१९ मा श्रम सम्झौता भएर पनि कामदार पठाउन सकेको छैन। 'त्यहाँको निर्वाचन, सरकार परिवर्तन, उताबाट आधिकारिक जानकारी नआउनुलगायतका कारण समस्या भएको हो,' सहायक प्रवक्ता बोहोराले प्रभावसँग भने, 'तीन महिनाअघि पत्र पठाउँदा जवाफ आएन, नवनिर्वाचित प्रधानमन्त्रीसँग कुराकानी हुँदै छ।'

श्रमविद् डा. गणेशमान गुरुङ नेपालको श्रम कूटनीति कमजोर हुँदा सम्बन्धित मुलुकहरूसँग श्रम सम्झौता हुन नसकेको बताउँछन्। 'हामीले श्रम सम्झौताका लागि उनीहरूलाई 'कन्भिन्स' गराउन सकिरहेका छैनौं,' उनले भने।

भएका सम्झौता पनि कर्मकाण्डी बनेको उनको भनाइ छ। 'सम्झौतामा उल्लिखित श्रमिकका हक, अधिकारको विषय कार्यान्वयन भएको छ छैन भनेर सरकारले अहिलेसम्म अनुगमन गरेको छैन। कामदारको न्यूनतम पारिश्रमिक, ओभरटाइमबापतको अतिरिक्त ज्याला, बिमामा समेटिएका प्रावधानलगायत विषय कत्तिको लागू भएको छ भनेर आजसम्म अनुगमन भएको छैन,' श्रमविद् गुरुङ भन्छन्, 'कागजमै सीमित गर्ने हो भने सम्झौता गर्नुमात्र अर्थहीन छ।' पाँच हजारभन्दा धेरै नेपाली रोजगारीका लागि पुगेका देशसँग श्रम सम्झौता अनिवार्य गर्नुपर्ने श्रमविद् गुरुङको भनाइ छ।

### थप १२ देशसँग सम्झौताको तयारी

श्रम मन्त्रालयले थप १२ देशसँग श्रम सम्झौताको तयारी गरिरहेको जनाएको छ। पछिल्लो समय धेरै संख्यामा नेपाली पुगेका युरोपेली मुलुकहरू पोर्चुगल, पोल्यान्ड, क्रोयसिया, माल्टा, साइप्रसलगायत १२ देशसँग सम्झौताको प्रयास भइरहेको मन्त्रालयका सहायक प्रवक्ता बोहोराले जानकारी दिए।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं





आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं





गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### रवि ८४...

धरौटीमा छाड्न अदालतले दिएको आदेशले रास्वपामा खुसियाली छाएको छ । बिहीबार साँझ कास्की अदालत परिसर बाहिर रास्वपाका नेता कार्यकर्ताको ठूलो भिडले रविको पक्षमा नारा लगाएका थिए । रास्वपाका कार्यवाहक प्रवक्ता मनिष झाले न्यायालयमाथिको विश्वास बढेको प्रतिक्रिया दिए ।

'राज्य पछि लागेपछि कसैको केही लाग्दैन भन्ने भाष्यलाई गलत हो भन्ने स्थापित गऱ्यो । राज्य, गठबन्धनले जतिसुकै प्रतिशोध गरे पनि न्यायालयमाथि विश्वास थियो, जुन अझ बढेर गएको छ', झाले प्रभावसँग भने । उनले बिहीबारको आदेशलाई न्याय पाउने प्रक्रियातर्फ अग्रसर भएको संकेत भएको बताएका छन् । लामिछानेलाई पक्राउ गरेको झण्डै तीन महिनामा अदालतले धरौटीमा छाड्न आदेश दिएको हो । कास्की अदालतका स्रेस्तेदार राजन खनालले लामिछाने तथा जोशीलगायत प्रतिवादीहरूलाई धरौटी बुझाउनू भनिएकोमा नबुझाए थुनामा जाने बताए । 'यो थुनछेक आदेश मात्र हो । मुद्दा टुङ्गिएको होइन । अदालतले अब मुद्दा अघि बढाउँदा प्रमाण बुझ्ने तथा साक्षीहरूको बकपत्र गर्नेछ', उनले पत्रकारहरूलाई भने, 'यो थुनछेक आदेशमा चित्त नबुझे प्रतिवादी उच्च अदालतमा पुनरावेदन जान सक्ने अवस्था पनि रहन्छ र धरौटी नबुझाए थुनामा पठाइन्छ ।'

सूर्यदर्शन सहकारी प्रकरणमै प्रतिवादी रहेको पूर्वडीआईजी छविलाल जोशी पनि बैंक ग्यारेन्टी बुझाएर रिहा भएका छन् । उनलाई अदालतले ८८ लाख धरौटी मागेको थियो । पूर्वप्रहरी रामबहादुर खनाललाई १५ लाख, पूर्वसांसद मीना गुरुङलाई ५ लाख, आरती गुरुङलाई ५ लाख र मीनाकै बुबा कृष्णबहादुरलाई एक लाख धरौटी मागिएकोमा बुझाएर उनीहरू सबै रिहा भएका छन् । ३७ लाख धरौटी मागिरएको लीला पछाईको हकमा शुक्रबार हुने भनिएको छ ।

गत २ कात्तिकमा लामिछाने रास्वपा केन्द्रीय कार्यालयबाट पक्राउ परेका थिए । तर, ७ पुसमा लामिछानेविरुद्ध जिल्ला अदालत कास्कीमा सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको थियो । त्यसपछि अदालतमा थुनछेक बहस भएको थियो । बुधबार थुनछेक बहस सकिएको थियो । त्यसपछि लामिछानेलाई न्यायाधीश राईले बोल्ने मौका दिएका थिए । लामिछानेले थुना बाहिरै बसेर मुद्दा लड्ने अवसर दिन माग गरेका थिए । उनकै मागअनुसार अदालतले बिहीबार धरौटीमा रिहा गर्न आदेश दिएको हो ।

पोखराको सूर्यदर्शन सहकारीमा लामिछानेसहितका ६३ जनाले अपचलन गरेको भन्दै अदालतमा मुद्दा छ । प्रतिवादीमध्येका लामिछानेलाई सरकारी वकिल कार्यालय कास्कीले भिन्नभिन्नै कसुरमा सजाय माग गरेको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा लामिछानेले २७ करोड ८९ लाख ४४ लाख रूपैयाँ गैरकानुनी ढङ्गले आर्जन गरेको दाबी छ । सूर्यदर्शन सहकारी ठगीमा तीन करोड ३७ लाख ६५ हजार बिगो माग दाबी गरेको छ ।

■■■

### दश वर्षभित्र...

मन्त्रालयले नदी प्रवाहीमा आधारित आयोजनामा प्रति मेगावाट १६ लाख, अर्धजलाशययुक्त आयोजनामा प्रति मेगावाट १८ लाख र जलाशययुक्त आयोजनामा प्रति मेगावाट २७ लाख डलर लाग्ने अनुमानका आधारमा ५० अर्ब डलरको हिसाब निकालेको हो । नदी प्रवाहीमा आधारित आयोजना ४ वर्ष, अर्धजलाशययुक्त आयोजना ६ वर्ष र जलाशययुक्त आयोजना ७ वर्षमा बनाउने भनिएको छ ।

मार्गचित्रमा २०३५ सम्ममा १५ हजार मेगावाट बिजुली निर्यात गर्ने लक्ष्यसमेत राखेको छ । जसमा भारतमा १० हजार र बंगलादेश र चीनमा ५ हजार मेगावाट विद्युत निर्यात गर्ने मार्गचित्रमा उल्लेख छ ।

विद्युत निर्यातका लागि प्रसारण लाइन आवश्यक रहेको र ११ हजार ७०० किलोमिटर प्रसारण लाइन र ३३ हजार एमभीए क्षमताको सबस्टेसन निर्माण गर्न ७ अर्ब ४० करोड डलर खर्च हुने अनुमान गरिएको छ । त्यसमध्ये १ अर्ब ८ करोड डलर लगानीको व्यवस्थापन भइसकेको मन्त्रालयले जनायो ।

वितरण प्रणालीमा सुधार गर्न डेढ अर्ब डलर लाग्ने र त्यसमध्ये १ अर्ब २० करोड डलर जुटाउन बाँकी रहेको मार्गचित्रमा उल्लेख छ । विद्युत उत्पादन, प्रसारण लाइन निर्माण र वितरण प्रणालीमा सुधारका लागि ४६.५ अर्ब डलर जुटाउनुपर्नेमा १८ अर्ब डलर आन्तरिक स्रोतबाट व्यववस्थापन गर्न सकिने मन्त्रालयको दाबी छ ।

■■■

### श्रम कूटनीतिमा...

'आगामी दुई वर्षभित्र थप १२ देशसँग श्रम सम्झौता गर्ने तयारीका साथ मन्त्रालयले काम गरिरहेको छ,' उनले भने ।

श्रम सम्झौता भएका देशमा कामदारको सुरक्षा, सेवा सुविधा, श्रम अधिकार जस्ता विषय सुनिश्चित् हुने जानकारहरू बताउँछन् । पारदर्शी छनोट प्रक्रिया र लागत, समस्यामा परेका कामदारको छिटो उद्धार, रोजगारदाताका विषयमा सम्बन्धित देश जवाफदेही हुने, बिमालगायत सुविधाको सुनिश्चिततासमेत हुने उनीहरूको भनाइ छ । सम्झौता नभएका देशमा जाँदा यी सबै विषयमा श्रमिक आफैं जिम्मेवार बन्नुपर्छ, जुन जोखिमपूर्ण हुने गर्दछ । यद्यपि, आप्रवासी श्रमिकका हकमा बलियो कानुन भएका विकसित देशहरूमा भने कामदारहरूले यस्ता अधिकार पाउने गरेका मन्त्रालयका अधिकारीहरूको तर्क छ ।

# 'एचएमपिभी साधारण रूघाखोकी गराउने भाइरस हो, आत्तिनु पर्दैन'

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चीनमा देखिएको भनिएको 'मानव मेटाप्न्युमो भाइरस' (एचएमपिभी) को साधारण भाइरस भएको जनाएको छ । मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गरी यसबारे विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा गरिएका भ्रामक प्रचारप्रति ध्यानाकर्षण भएको जनाउँदै त्यस्ता हल्लाको पछि नलाग्न आग्रह गरेको छ ।

'जाडो महिनामा श्वासप्रश्वासजन्य संक्रमणको दर बढ्नु स्वाभाविक मानिन्छ, मानव मेटाप्न्यूमो भाइरस नयाँ भाइरस होइन, जुन नेपालमा विगतमा पनि देखिएको साधारण रुघाखोकी उत्पन्न गराउने भाइरस हो, जसको परीक्षण, निगरानी र प्रतिकार्यका लागि आवश्यक क्षमता र तयारी नेपालले गरिसकेको छ,' विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयले यस भाइरसबाट गम्भीर समस्या देखिने जोखिम कम रहेको र यसको संक्रमण सामान्यतः कमजोर प्रतिरक्षा क्षमता भएका व्यक्तिहरू, साना बालबालिका र वृद्ध व्यक्तिहरूमा मात्र हुने सम्भावना रहेको जानकारीसमेत गराएको छ । तथापि मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, अस्पतालहरू र प्रयोगशालाद्वारा निगरानी तथा सजगता बढाइएको मन्त्रालयले जनाएको छ ।

एचएमपिभी, एम्प्क्सलगायत संक्रामक रोगहरूमा जनस्वास्थ्यका मापदण्ड पालना गर्नु उचित हुने भएकाले व्यक्तिगत सुरक्षाका उपाय (मास्क लगाउने, भीडभाडमा नजाने) अपनाउन मन्त्रालयले सबैमा अनुरोध गरेको छ । यस्तै, बिरामीको नजिक/सम्पर्कमा नजान, साबुन पानीले हात धुन र स्वास्थ्यमा समस्या आइपरेमा अस्पताल गई चिकित्सकको उचित सल्लाह लिन र मन्त्रालयको 'हेल्लो स्वास्थ्य' कल सेन्टर १११५ मा सम्पर्क गरी परामर्श लिन पनि मन्त्रालयले अनुरोध गरेको छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०९।२४ गते भक्तपुर जिल्ला, सुर्यविनायक पाण्डु बजार हाइट स्थित आफ्नै निजी निवासको गेट बाहिर सडकमा पार्किङ गरिराखेको कालो, निलो रङ्को 220 cc Pulsar मोटरसाइकल साँझको अन्दाजी ४ देखि ६ बजेको समयभित्र हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नाम : पदम लामा**
**बाइक नं.: बा.प्र. ०२-०५२ प ५३८५**
**च्यासिस नं.: MD2A13EX7RCE82905**
**इन्जिन नं. : DKXCRE33506**
**ठेगाना: भक्तपुर**
**सम्पर्क: ९७६७९३१४८७, ९८४०४१४९७९**

## सूचना

'सूचना तथा प्रसारण विभागमा दर्ता नं.४७६/०७४/०७५ मिति २०७४/०६/३० मा दर्ता रहेको **बसुन्धरा सञ्चार प्रा.लि.** द्वारा सञ्चालित www.rastrapukar.com नामक अनलाईन पत्रिका यस कम्पनिबाट हस्तान्तरण हुने हुँदा यस कम्पनिसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१ माघ ११ गते (१५ दिन भित्र) यस कम्पनीको ठेगाना कामपा ३ बसुन्धरा, संचालकको मोबाइल नम्बर.९८१३४२६४८० वा इमेल rastrapukarnews@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमा उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडी बढाउने व्यहोरा अनुरोध छ ।'

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०९।२० गते काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा वडा नं.०७ नवदुर्गा टोल स्थित पार्किङ गरिराखेको हरियो रङ्को Royal Infield मोटरसाइकल दिनको अन्दाजी ३ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नाम : राजन कार्की**
**बाइक नं.: बा.प्र. ०२-०४५ प ५४३०**
**च्यासिस नं.: J3A5FHP2179182**
**इन्जिन नं. : ME3J3C5FHPN000095**
**ठेगाना: दोरम्बा, शैलुङ -६, रामेछाप**
**सम्पर्क: ९८४९८२३७१७**

## संस्थापक शेयर बिक्री सम्बन्धी ७ दिने सूचना

यस बैंकका संस्थापक समूहका शेयरधनीले आफ्नो नाममा कायम रहेको ३,००,२५८ कित्ता संस्थापक शेयर बिक्रीको लागि यस बैंक समक्ष निवेदन दिनु भएको हुँदा संस्थापक शेयर खरिद तथा बिक्री गर्दा विद्यमान संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिई संस्थापकहरु बिच खरिद बिक्री हुन नसकेमा मात्र अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्न सकिने व्यवस्था नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनमा उल्लेख भएको हुँदा बैंकका संस्थापक शेयरधनीहरुको जानकारीका लागि मिति २०८१/०७/२५ गतेको आर्थिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएकोमा यस बैंकका विद्यमान संस्थापक समूहका शेयरधनीहरुबाट सो सम्बन्धमा कुनै निवेदन प्राप्त नभएकोले उक्त शेयर खरिद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनी वा सो बाहेकका आवेदकहरुले नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड बमोजिम आवश्यक कागजात सहित यस सूचनाको मितिले ७ दिन भित्र माछापुच्छ्रे क्यापिटल लि. सुन्धारा स्थित बाघ दरबार जे.डि.ए. कम्प्लेक्सको तेस्रो तल्लामा आफूले खरिद गर्न चाहेको मूल्य र शेयर संख्या खुलाई निवेदन दिनुहुन सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौ
फोन नं. ०१-४५२८५५६

## बैदेशिक रोजगार विभागको
## सार्वजनिक सूचनान

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **KOSHI INTERNATIONAL SERVICES PVT.LTD.** (ई.प.नं. ४९८/०६१/०६२) को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/ शेयर संख्या | अव कायम हुने शेयरधनीहरूको नाम/ शेयर संख्या |
|---|---|
| १. गोपाल गुरूङ (०१ - ३२५००)<br>२. गोविन्द प्रसाद थपलिया (५२५०१ - ८४५००)<br>३. सुरेन्द्र घिमिरे ( ११७००१ - १३००००)<br>४. मुकुन्द प्रसाद पन्त (३२५०१ - ५२०००) (८४५०१ - ९१०००)<br>५. नविन कंडेल (९१००१ - ११७०००) | १. गोपाल गुरूङ (०१ - २६०००)<br>२. गोविन्द प्रसाद थपलिया (२६००१ - ५२०००)<br>३. मुकुन्द प्रसाद पन्त (५२००१ - ७८०००)<br>४. नविन कंडेल (७८००१ - १०४०००)<br>५. भविन्द्र बहादुर शाही (१०४००१ - १३००००) |

## बौद्ध बचत तथा ऋण सहकारी संस्था लि.

किलागाल, काठमाडौं, सम्पर्क नं.९८५१०३५३४३

## जग्गा धितो लिलामको सूचना

**प्रकाशित मिति २०८१/०९/२६ गते**

यस संस्थाबाट व्यापारिक कर्जा उद्देश्यको लागि अचल सम्पत्ति धितो राखी कर्जा लिनु भएको ऋणी सदस्यले कर्जाको साँवा व्याज नतिरी नबुझाई लिखित अनसारको कर्जा सम्बन्धि शर्त उल्लंघन गरेकोले पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र संस्थाको कार्यालयमा सम्पर्क गरी कर्जा चुक्ता गर्न हुन तपसिलका ऋणी सदस्यको लागि अन्तिम पटक यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा संस्थासँग भएको शर्त कबुलियत तमसुक वमोजिमको धितोको जग्गा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा तल उल्लेखित समय स्थानमा लिलाम डाँक बढाबढ गरी बेचबिखन गरिने हुँदा सो धितो खरिद गरी लिने ईच्छुक सर्वसाधरणलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम ठेगाना (तीनपुस्ते) | धितोको विवरण |
|---|---|
| **नाम थर** : ध्रुव बहादुर कुमाल<br>**बुबाको नाम** : विष्णे कुमाल<br>**बाजेको नाम** : ध्वजबहादुर कुमाल<br>**स्थायी ठेगाना** : जिल्ला धादिङ, मुरली भञ्ज्याङ गाविस वडा नं.-१ को परिवर्तित निलकण्ठ न.पा.वडा नं.८<br>**हालको ठेगाना**: काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.१८ | **जिल्ला** : धादिङ<br>**गा.वि.स.** : मुरली भञ्ज्याङ<br>**वडा नं.** : १<br>**नक्सा सिट नं.** : १ 'ज'<br>**कित्ता नं.** : ३४३<br>**क्षेत्रफल** : ०-४-०-० |

**लिलाम बिक्रीका शर्तहरू**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्तिले आफूले बोलेको कुल रकमको १०% ले हुने रकम नगदै धरौटी वापत यस संस्थामा बुझाउनु पर्ने छ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृति पत्र पाएको मितिले ७ दिन भित्र कबुल गरेको सम्पूर्ण रकम नबुझाएमा धरौटी रकन स्वतः जफत हुनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पति लिलाम विक्रीमा सकार गरी लिनेले अचल सम्पति दाखिला खारेज गर्दा लाग्ने शुल्क, दस्तुर वापतको रकम सबै आफैले व्यहोर्न पर्ने छ ।
४. लिलाम तोकेको दिन खोलिने छ तर सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन खोलिने छ ।
५. लिलाम बढाबढ गर्दा अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

**लिलाम हुने स्थान** : बौद्ध बचत तथा ऋण सहकारी संस्था लि., किलागल काठमाडौं
**लिलाम हुने मिति** : २०८१/११/०२ गते
**लिलाम हुने समय** : दिनको १:०० बजे

## साउदीमा रोजगार

कम्पनी : MESMA COMPANY FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316836 | चलानी नं. ६०२३१०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1200 | ४३,८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा रोजगार

कम्पनी : ART PACKAGING FACTORY

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316831 | चलानी नं. ६०२३१११७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing & Wrapping WORKER | 1 | 0 | 1200 | ४३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Aarambha H R Services Pvt.Ltd**
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com, Website : www.aarambhahr.com
Govt.Lic. No. 1241/074/075

## साउदीमा रोजगार

कम्पनी : BLACK STAR CATERING

पूर्व स्वीकृति मिति : २०८१/०५/१९ | पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 310193 | चलानी नं. ६०२००८३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1800 | ६५,७६२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 1 | 0 | 2000 | ७३,०६९ | | | | | | | |
| 3 | Waiter | 1 | 0 | 1200 | ४३,८४१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ३ गते (16th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## युएइमा रोजगार

कम्पनी : BESTTECH TECHNICAL SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316903 | चलानी नं. ६०२३११२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Nepal) | 8 | 0 | 1200 | ४४,८०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Shattering Carpenter | 8 | 0 | 1200 | ४४,८०५ | | | | | | | |
| 3 | Steal Fixer | 8 | 0 | 1200 | ४४,८०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Creative Placement Services Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal Tel:+977-1-5903365, 5903396,
E-mail :creativeplacement2002@gmail.com, info@creativenepal.org, Web : www.creativenepal.org
Gov.Lic.No. : 289/058/59

# Mandandeupur Municipality
# Office of Municipal Executive

**Mahadevsthan, Kavre**

**Bagmati Province, Nepal**

## INVITATION FOR ONLINE BIDS

**(Date of Publication: 10th Jan 2025)**

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Mandandeupur Municipality website www.mandandeupurmun.gov.np.

| S. N. | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat, PS & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Raskamal Sahid Park Nirman | 05/Works/NCB/MDM/081/82 | 09/02/2025 12:00 hrs. | 09/02/2025 13:00 hrs. | Nrs.3000.00 | Nrs.350000.00 | Nrs.12069132.80 |
| 2 | Darmetar Guraitar Sathpathe Sadak Istaroanniti | 06/Works/NCB/MDM/081/82 | 09/02/2025 12:00 hrs. | 09/02/2025 13:00 hrs. | Nrs.3000.00 | Nrs.100000.00 | Nrs.3424657.66 |
| 3 | Nagarkot paryatan bikas paryawaran karyakram,Mandandeupur-2 | 16/WORKS/NCB/MDM/081/82 | 09/02/2025 12:00 hrs. | 09/02/2025 13:00 hrs. | Nrs.3000.00 | Nrs.125000.00 | Nrs.4257595.58 |
| 4 | Pradesh Sasarta Anudan Sanga Sajhedarima Nayagaau Tyanki Danda Ghumaune Chauir Sadak Starunnati | 21/Works/NCB/MDM/081/82 | 09/02/2025 12:00 hrs. | 09/02/2025 13:00 hrs. | Nrs.3000.00 | Nrs.125000.00 | Nrs.4281595.46 |

**Chief administrative officer**

## परराष्ट्रसचिव राईको प्रतिबद्धता–

# आर्थिक कूटनीतिलाई प्राथमिकतामा राख्छु

**काठमाडौं (प्रस)–** कायममुकायम परराष्ट्रसचिव अमृतबहादुर राईले २६औं परराष्ट्रसचिवका रूपमा बुधबार अपराह्नदेखि परराष्ट्र मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् ।

'हाम्रो देश चुनौती र अवरको दोसाँधमा छ । ती चुनौतीको सामना गर्दै अवसरलाई राष्ट्रको हितमा उपयोग गर्न निष्ठापूर्वक लाग्ने छु,' परराष्ट्रसचिवको कार्यभार सम्हालेपछि उनले बिहीबार बिहान भने । देशलाई समृद्धिको दिशामा अग्रसर गराउन आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता पनि सचिव राईले व्यक्त गरे ।



सन् १९९६ मा निजामती सेवामा प्रवेश गरेका परराष्ट्रसचिव राई सन् २००५ मा उपसचिवका रूपमा परराष्ट्र सेवामा प्रवेश गरेको थियो । उनले परराष्ट्र मन्त्रालयमा संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय संगठनहरू र अन्तर्राष्ट्रिय कानुन महाशाखाको सहसचिवका रूपमा सेवा गरेको थियो । मार्च २०१९ देखि जुन २०२३ सम्म उनी संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी प्रतिनिधि तथा डिसेम्बर २०१४ देखि डिसेम्बर २०१८ सम्म दक्षिण अफ्रिकाका लागि नेपालको राजदूत थिए । कायममुकायम सचिव हुनुअघि उनले परराष्ट्र मन्त्रालयमा प्रवक्ताको जिम्मेवारी पनि सम्हालेका थिए ।

सार्वजनिक सेवाको प्रारम्भिक वर्षमा सचिव राईले सन् २००३ देखि २००५ सम्म संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सन् २००२ देखि २००३ सम्म सामान्य प्रशासन मन्त्रालयमा सेवा गरेको थियो । सन् १९९६ मा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा शाखा अधिकृतको रूपमा उनले निजामती सेवा प्रारम्भ गरेको हो ।

सन् १९७० मा संखुवासभाको चिचिला गाउँपालिकामा जन्मिएका परराष्ट्रसचिव राईले जर्मनीको पोट्सडाम विश्वविद्यालयबाट सार्वजनिक व्यवस्थापन र त्रिभुवन विश्वविद्यालयबाट सार्वजनिक प्रशासनमा स्नातकोत्तर उपाधि हासिल गरेको छ । गत मंगलबारको मन्त्रिपरिषद् बैठकले उनलाई परराष्ट्र सचिवमा पदोन्नति गरेको हो ।

# माटोका भाँडा बनाउने व्यवसायी समस्यामा

**कैलाली–** पछिल्लो समय जिल्लामा माटोका भाँडा बनाउने सिपालु कालिगढको अभाव हुन थालेपछि व्यवसायी समस्यामा परेका छन् । युवा, शिक्षा तथा वैदेशिक रोजगारीका लागि बाहिर जानु, पुस्तान्तरण नहुनु, भाँडा बनाउने माटो सहजै नपाउनुलगायत कारणले कालिगढ पेसा संकटमा परेसँगै व्यवसायी समस्यामा परेका हुन् ।

दक्ष कालिगढको कमी, भाँडा बनाउन आवश्यक पर्ने माटो सहजै पाउन छोडेपछि पूर्वी नेपालको बिर्तामोड र भारतबाट माटोका विभिन्न तयारी भाँडा ल्याएर बिक्री गरिरहेको भाँडा व्यवसायी गणेश शाहले बताए । 'पहिले धनगढीमा माटोका भाँडा बनाउने कालिगढ जहातहीं हुन्थे, माटो पनि आवश्यकताअनुसार सहजै उपलब्ध हुन्थ्यो । स्थानीयस्तरमा बनाइएको भाँडा बिक्री गर्न सहज पनि थियो,' उनले भने, 'पछिल्लो समय बमहिरबाट तयारी अवस्थामा भाँडा ल्याएर बिक्री गर्दा उपभोक्ता विश्वास पनि कम गर्ने भएकाले व्यापार घटेको छ ।'

भारतबाट ल्याउने गरेका माटोको भाँडा भन्सार तिरेर आयात गर्नुपर्ने भएकाले महँगो पनि पर्न गएको भन्दै शाहले यसरी व्यापार गर्दा मुनाफा पनि नहुने बताए । आधुनिकतासँगै बजारमा विभिन्न आकर्षक स्वरूपमा प्लास्टिकका रंगीविरंगी भाँडा सहजै पाइन थालेपछि पहिलेको तुलनामा माटोका भाँडाले बजार पाउन छोडेको धनगढीको कृष्णनगरकी व्यवसायी नीलमदेवी कलवाराले उल्लेख गरिन् । 'केही वर्ष पहिले दैनिक पाँच हजारदेखि १० हजार रूपैयाँसम्म कारोबार हुन्थ्यो, अहिले दैनिक एक हजार रूपैयाँदेखि तीन हजार रूपैयाँसम्मको कारोबार हुन्छ,' उनले भनिन् ।

लामो समयदेखि माटोका भाँडासम्बन्धी व्यवसाय गर्दै आएकी कलवाराले पछिल्लो समय बिक्री घटेसँगै व्यवसाय संकटमा पर्न थालेको गुनासो गरिन् । 'पहिलेको तुलनामा कारोबार घटेपछि जीविकोपार्जनमा समस्या हुन थालेको छ । यो व्यवसायबाट खर्च चलाउन मुस्किल हुन थालेपछि अहिले गर्मी मौसममा गन्नाको जुस र जाडोमा अण्डा ठेला राखी बिक्री गर्न थालेकी छु,' उनले भनिन् ।

स्थानीयस्तरमा भाँडा बनाउने माटो पाउन छोडेपछि भारतको लखिमपुरसहितका सहरबाट तयारी भाँडा ल्याएर बिक्री गरिरहेको कलवाराले जानकारी दिइन् । 'पहिले माटोका भाँडा बनाउने भट्टा यहाँ थुप्रै थिए, हिजोआज माटो पाउन छोडेपछि बाहिरबाट भाँडा ल्याउदा महँगोमा बिक्री गर्नु पर्दछ,' उनले भनिन् ।

प्लास्टिकका भाँडा तथा अन्य सामग्री प्रयोग गर्न सहज हुने, जहाँ पनि पाइने हुँदा परम्परागत माटाका भाँडाको व्यापार घटेको धनगढीका व्यवसायी अरविनप्रसाद कलवाराले बताए । 'पहिलेभन्दा अहिले व्यापार धेरै घटेको छ, यही अवस्था रहे यो पेसा लोप हुने जोखिम बढेको छ,' उनले भने । *रासस*


नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना
श्री जंगी अड्डा निवेश, भद्रकाली, काठमाडौं

**सिलबन्दी दरभाउपत्रको सूचना**

दोश्रो पटक प्रकाशित २०८१/०९/२६ गते

१. यस निवेशको लागि आवश्यक कार्यालय मसलन्द तथा सफाईका सामाग्रीहरु सिलबन्दी दरभाउपत्र/बिद्युतिय (e-GP) को माध्यमबाट खरिद गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. दरभाउपत्रको विवरण:

| सि. न. | सूचना नं. | विवरण | जमानत रकम रु | दरभाउपत्र फारम दस्तुर रु (फिर्ता नहुने) | दरभाउपत्र पेश गर्ने अन्तिम मिति | दरभाउपत्र खोलुवा मिति |
|---|---|---|---|---|---|---|
| १. | NA/JAN/081/82/02 | कार्यालय मसलन्द तथा सफाईका सामाग्रीहरुको आपूर्ती | ४०,०००।०० | १,०००।०० | २०८१/१०/१३ गतेको १२:०० बजे | २०८१/१०/१३ गतेको १३:०० बजे |

३. सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात सार्वजनिक खरिद अनुगमन कार्यालयको website:www.bolpatra.gov.np/egp तथा यस निवेशबाट प्राप्त गर्न सकिने छ । साथै, थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०१-५९७९०९८ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।



**Shuklaphanta Municipality**
**Office of Municipal Executive**
**Jhalaari, Kanchanpur**
**Sudurpaschim Pradesh**

**Invitation for Bids**

*(First Date of Publication: 2081/09/26 [2025-1-10])*

| Contract ID | Project Description | Estimated Amount with ps (Without VAT) | Bid Bond Security, 120 days Validity (NRs) | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/081-82/ NCB/BG/24 | Construction of Toilet, ward no 12 | 3024131.71 | 90000 | 2081/10/27 (2025-Feb- 09) 12:00 PM | 2081/10/27 (2025-Feb- 09) 13:00 PM |

| *Cost of bidding document: Rs.3000 should be deposited at:* | *Bid Bond Security amount should be deposited at:* |
|---|---|
| ✓ Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur<br>✓ Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA<br>✓ Office Account No.: 05910106200002 | ✓ Name of the Bank: Everest bank ltd, Jhalaari branch, Kanchanpur<br>✓ Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA<br>✓ Office Account No.: 05910106200016 |



**नाङले-पटाप-सिन्धुपाल्चोक सडक निर्माण शंखरापुर-२ काठमाण्डौ (चेनेज: ०+००० देखि ८+६७८) आयोजनाको**

**संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८१/०९/२६

बागमती प्रदेश, काठमाण्डौ जिल्ला शंखरापुर नगरपालिका वडा नं. १ र २ मा नाङले-पटाप-सिन्धुपाल्चोक सडक निर्माण (**चेनेज: ०+००० देखि ८+६७८**), पूर्वाधार विकास कार्यालय, बागमती प्रदेश, मानभवन, ललितपुरद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| **प्रस्तावकको नाम र ठेगाना** | **पूर्वाधार विकास कार्यालय, बागमती प्रदेश मानभवन, ललितपुर ।** |
|---|---|
| प्रस्तावको व्यहोरा | प्रस्तावित आयोजना शंखारापुर नगरपालिका वडा नं. १ र २ (चेनेज: ०+००० देखि ८+६७८) सडक खण्डमा कार्यान्वयन हुनेछ । यस सडकको सुरु बिन्दु शंखारापुर नगरपालिका वडा नं. १ को नाङ्ले बजार, नविन ग्राम शिक्षा मन्दिर भन्ने स्थानमा रहेको छ र अन्तिम बिन्दु काठमाण्डौ र सिन्धुपाल्चोकको सिमानामा शंखरापुर नगरपालिका वडा नं. २ मा रहेको छ । यस प्रस्तावको कार्यान्वयनको क्रममा कन्स्ट्रक्सन यार्ड, लेवर क्याम्प आदि निर्माण गरिनेछ साथै जमिन उत्खनन् तथा भरण, सतह निर्माण, पर्खाल, नाली तथा पानी तर्काउने संरचना र सडक कालोपत्रे गर्ने कार्य यस आयोजनाका मुख्य क्रियाकलाप रहेका छन् । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | काठमाण्डौ जिल्ला, शंखरापुर नगरपालिका वडा नं. १ र २ क्षेत्र |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. र गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय-सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय-सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| **प्रस्तावकको नाम र ठेगाना** | **परामर्शदाताको नाम र ठेगाना** |
|---|---|
| **नाम:** पूर्वाधार विकास कार्यालय<br>**ठेगाना:** बागमती प्रदेश, मानभवन, ललितपुर<br>**ईमेल:** nksingh@bagmati.gov.np<br>**सम्पर्क व्यक्ति:** नविन कुमार सिंह | **नाम:** पब्लिक ईन्जिनियरिङ्ग एण्ड इन्भ्यारोमेन्ट कन्सल्ट<br>**ठेगाना:** इनरुवा, सुनसरी<br>**सम्पर्क व्यक्ति:** बासु पाठक<br>**फोन:** +९७७ ९८४९७४३९४४ |



**स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, हेटौंडाको**

**बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना**

**प्रकाशन मिति: २०८१/०९/२६**

यस कार्यालयबाट मिति २०८१/०७/११ गते नेपाल समाचारपत्रमा प्रकाशित Road Upgrading & Improvement works का लागि बोलपत्रको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ तपसिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र भई स्विकृतिको लागी सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) प्रयोजनार्थ बोलपत्रहरु स्वीकृति सम्बन्धि आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | स्वीकृत बोलपत्रदाताको नाम | कबोल अंक (VAT, PS सहित) |
|---|---|---|---|
| 1 | LIDPO/Htd/W/NCB/17/081-82 | Bindabasini Builders, Chaurideurali- 4, Kavre | 84,84,898.19 |
| 2 | LIDPO/Htd/W/NCB/18/081-82 | Bindabasini Builders, Chaurideurali-04, Kavre | 1,51,23,120.15 |
| 3 | LIDPO/Htd/W/NCB/19/081-82 | Mainapokhari-Om Agni Barme JV, Baiteshwor-05, Dolakha | 1,21,27,222.69 |
| 4 | LIDPO/Htd/W/NCB/20/081-82 | Chhayashwori Nirman Sewa Pvt. Ltd., Kavre | 1,34,24,925.71 |
| 5 | LIDPO/Htd/W/NCB/21/081-82 | P.S.K. Construction, Chaurideurali-04, Kavre | 75,54,780.28 |
| 6 | LIDPO/Htd/W/NCB/22/081-82 | Bindabasini Builders, Chaurideurali-04, Kavre | 55,53,743.62 |
| 7 | LIDPO/Htd/W/NCB/23/081-82 | D.M. Construction and Enterprises Pvt. Ltd., Banepa-08, Kavre | 1,16,88,323.91 |
| 8 | LIDPO/Htd/W/NCB/24/081-82 | Mainapokhari-Om Agni Barme JV, Baiteshwor-05, Dolakha | 1,23,46,842.43 |
| 9 | LIDPO/Htd/W/NCB/25/081-82 | Pacific Builders, Dhulikhel-06, Kavre | 55,01,500.89 |
| 10 | LIDPO/Htd/W/NCB/26/081-82 | D.M. Construction and Enterprises Pvt. Ltd., Banepa-08, Kavre | 54,88,795.51 |
| 11 | LIDPO/Htd/W/NCB/27/081-82 | Mongolen Construction Pvt. Ltd., Maitrinagar-02,Kathmandu | 1,23,77,408.73 |
| 12 | LIDPO/Htd/W/NCB/29/081-82 | J.K. Nirman Sewa, Ratnanagar, Chitwan | 78,19,469.45 |
| 13 | LIDPO/Htd/W/NCB/30/081-82 | Elite Construction & Suppliers Pvt. Ltd, Kathmandu-32 | 70,15,627.08 |
| 14 | LIDPO/Htd/W/NCB/31/081-82 | SrijanConstruction Pvt.Ltd, Thaha-04, Makwanpur | 69,86,890.60 |
| 15 | LIDPO/Htd/W/NCB/32/081-82 | Kambise Construction and Suppliers Pvt.Ltd., Baiteshwor-04, Dolakha | 1,34,83,469.11 |



**OMAN मा रोजगारको सुवर्ण अवसर** — COMPANY : TAWOOS INDUSTRIAL SERVICES COMPANY SAOC, OMAN

पूर्व स्वीकृती मिति : २०८१/०९/२५ | LT No.: 316743 | च.नं. ६०२३१०९७

| सि.न. | कामदार पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Hospital | 100 | 0 | 100 | 35,626 | कम्पनीको नियमानुसार | ८-घण्टा | ६-दिन | कम्पनीको नियमानुसार | छ | छ | २-वर्ष |
| 2 | Cook-General | 45 | 0 | 150 | 53,439 | | | | | | | |
| 3 | Dish Washer | 25 | 0 | 120 | 42,751 | | | | | | | |
| 4 | Cleaner Public Building | 0 | 25 | 120 | 42,751 | | | | | | | |
| 5 | Waiter | 0 | 30 | 140 | 49,876 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिजा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैं | रोजगारदाता कम्पनीले |

कल्यानकारी कोषसम्बन्धि व्यवस्था रु. १,५००/- कामदार आफैंले सेवा नि: शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्यरुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालीम अनिवार्य लिनुहोला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ (एक) प्रति आफूसाग राख्नुहोला । (६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**कन्टिनेन्टल मर्कन्टाईल प्रा.लि.**
रानीबारी-०३, सामाखुशी, काठमाण्डौं, नेपाल
फोन : 01-4987171, 4986792
Lic: 587/62/63



**युएइमा रोजगार** — कम्पनी : ACCURATE PEST CONTROL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316864 | चलानी नं. ६०२३१०७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PESTICIDE WORKER | 7 | 0 | 1500 | ५६,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००, ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



**कुवेतमा रोजगार** — कम्पनी : AMARAT LINES BUILDING CONSTRUCTION CO.WLL

पूर्व स्वीकृति मिति : २०७९/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 282719 | चलानी नं. ६०१९८२३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR/ WORKER | 60 | 0 | 95 | ४२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: इटहरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**
**संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ६ गते (19th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४
**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### भूकम्पको पूर्वतयारीमा लागौं

तिब्बतको सिगात्से क्षेत्रमा मंगलबार ६.८ म्याग्निच्युडको भूकम्प गयो । उक्त भूकम्पका कारण १२६ जनाको मृत्यु भयो भने कयौं घाइते भए । लेक क्षेत्र भएको र बस्ती कम भएकोले पनि मानवीय क्षति कम भएको बताइएको छ । जबकि यो भन्दा कम क्षमताको भूकम्पले नेपालमा धेरै धनजनको क्षति गऱ्यो । अघिल्लो कातिकमा जाजरकोट केन्द्रबिन्दु बनाएर गएको ६.४ म्याग्निच्युड भूकम्पले १५७ जनाको ज्यान लिएको थियो भने ४०० हाराहारीमा घाइते भएका थिए ।

झन्डै १० वर्षअघि २०७२ को ७.८ म्याग्निच्युडको भूकम्पले नेपालमा ९ हजार मानिसको ज्यान लिएको थियो । धनजनको क्षतिको कुनै लेखाजोखा नै भएन । नेपालको पहाडी क्षेत्र र हिमाली क्षेत्र भूकम्पको दृष्टिले निकै जोखिमपूर्ण मानिन्छ । भूकम्पपछि पहिरो जाने, ताल फुटेर बाढी जानेजस्तो जोखिम उत्तिकै छ । पहाडी क्षेत्रको घर भएको जमिन भासिएर पहिरो जाने, नदी किनारामा रहेका घरहरू बाढीका कारण बगाउनेजस्ता जोखिम उत्तिकै हुन्छन् ।

सामान्यतय ठुला भूकम्प गएको क्षेत्रमा सबैभन्दा बढी मापन गरिएभन्दा बढी करिब १०० वर्षसम्म नआउने बताइन्छ । तर यसो भन्दैमा इन्डियन र चाइनिज प्लेटका कारण नेपालको हिमालय क्षेत्र भूकम्पको सक्रिय क्षेत्र भएकोले हाइसञ्चो मानेर बस्ने अवस्था छैन । यस्तो अवस्थामा नेपालले यी क्षेत्रमा भूकम्पको पूर्व तयारी अहिलेबाटै गर्नु आवश्यक छ ।

तर यस्तो विषयमा न त सरकारले पूर्वतयारी थालेको छ न त सर्वसाधारणले नै यसलाई गम्भीरतापूर्वक लिएका छन् । भूकम्पका कारण नेपालले पटकपटक क्षति बेहोर्दा पनि 'हुने हार, दैव नटार' शैलीमा सरकार र सर्वसाधारण दुबै प्राकृतिक विपत्तिको पूर्व तयारीमा अझै लागेको देखिन्न । पूर्वतयारी गरे जोखिम कम गर्न सकिन्छ । विकसित देशले जहिल्यै जेसुकै विषयमा पूर्वतयारीमा विशेष जोड दिन्छ ।

विकसित देश भनिए पनि विपद्मा गरिबी र अभाव छर्लङ्ग देखिन्छ । तिब्बतमा पनि भूकम्पपछि यो देखियो । यद्यपि अत्याधिक चिसो क्षेत्रमा त्यहाँको सरकारले नागरिकलाई उचित उद्धार र व्यवस्थापन थालिसकेको छ । नेपालमा यही गतिको भूकम्प गएको भए ठुलो क्षति हुने देखिन्छ । राहत र उद्धारका लागि देशले सक्ने अवस्था छैन, यसका लागि विदेशी दातृ निकाय गुहार्न पर्ने हुन्छ । देश स्वाभिमानी भन्ने तर हरेक क्षण आपतैआपतमा बिताउने नेपालको यो अवस्थालाई सुधार्न पनि अब पूर्वतयारीको विषयमा सरकारले जोड दिनैपर्छ । सर्वसाधारण पनि यस विषयमा अब चनाखो हुनैपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

# विकासप्रेमी राजनेताको खोजी



■ गणेश गिरी

हालैका दिनमा सरकार र सरकारसम्बद्ध दलहरु स-साना पार्टीले दुःख दिए भन्ने मनस्थितिमा पुगेर स-साना दलका गतिविधिलाई नियन्त्रण गर्ने उद्देश्यले संविधान संशोधन गर्ने मक्सद लिइरहेका देखिन्छन् । त्यसो भएमा मुलुकमा फेरि एकपटक अर्को राजनीतिक द्वन्द्व हुने अवस्था देखिएको छ । जुन मक्सद देश र जनताका लागि प्रत्युत्पादक हुने छ र स्वयं सत्ताधारी दलहरूलाई समेत उक्त कार्य प्रत्युत्पादक ठहरिने छ । यदि संविधान संशोधन गर्ने हो भने विज्ञसहितको सर्वदलीय संयन्त्र बनाएर संविधानका कुन-कुन बुँदाहरूमा परिवर्तन गरिनु जरूरी छ भन्ने व्यापक छलफल र परामर्श गरी आउने निष्कर्षका आधारमा सबैलाई मान्य हुनेगरी संशोधन गर्न जरूरी छ ।

देश अहिले दिशाहीन अवस्थामा छ । मुलुकले निश्चित लक्ष्य लिन सकेको देखिँदैन । हरेक क्षेत्रमा भद्रगोलपूर्ण अवस्था देखिन्छ । विकास निर्माणलाई कसरी अगाडि बढाउने भन्ने त्यस्तो निर्दिष्ट कार्यक्रमहरू खासै देखिएका छैनन् । उद्योगधन्दाहरूको संख्या पनि बढ्न सकेको छैन । विकास निर्माणका काम प्रायः ठप्प छ । बेरोजगारी झन्झन् बढ्दो छ । हरेक वर्ष शैक्षिक क्षेत्रबाट उत्पादन हुने युवा जनशक्तिलाई स्वदेशमै कसरी रोजगारी दिन सकिन्छ भन्नेमा सरकारको तर्फबाट खासै गृहकार्य भएको देखिँदैन । हाल भएका उद्योगधन्दा पनि बन्द होलान् कि भन्ने स्थिति छ । चलिरहेका पनि पूर्णक्षमतामा सञ्चालन हुन सकिरहेका छैनन् । विकास निर्माणमा सरकारले पर्याप्त बजेट खर्च गर्न सकेको देखिँदैन । साधारण खर्चमै राज्यको बढीभन्दा बढी स्रोत साधन खर्च भइरहेको हुँदा चलिरहेका विकास निर्माणका कार्यमासमेत सुस्तता छाएको देखिन्छ ।

देशव्यापीरूपमा फैलिरहेको भ्रष्टाचारलाई नियन्त्रण गर्न नागरिकहरू आफैं पनि सजग हुनुपर्ने देखिन्छ । घूस नखुवाए पनि सरकारी संयन्त्रबाट काम लिन सकिन्न भन्ने मानसिकता बनाउन जरुरी छ । कतिपय अवस्थामा छोटो काम लिनका लागि नागरिकले पनि अनाहकमा अतिरिक्त रकम कर्मचारीलाई बुझाउने गरेको पाइन्छ । तसर्थ हामीले आफ्नो मानसिकतामा पनि परिवर्तन ल्याउन जरुरी छ । भ्रष्टाचार भए/नभएको हेर्ने निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगका कार्यालयहरू स्थानीय तहसम्म विस्तार गर्नुपर्ने देखिन्छ ।

हिजो आज आधुनिक सेवा पद्धति विस्तार गर्ने नाममा हरेकजसो सरकारी कार्यालयहरूमा अनलाइन सेवा लिन सकिने भनिएता पनि नागरिकले सहज तरिकाले सेवा लिन पाइरहेका छैनन् । अनलाइन सेवा प्रदान गर्ने कार्यालयहरूमै नागरिक पुगेर सम्बन्धित फाँटका अधिकारीहरूलाई अतिरिक्त शुल्क नबुझाएसम्म सहजै काम लिन सकिने अवस्था छैन । जनतासँग सीधा सम्पर्कमा रहने त्यस्ता कार्यालयहरूको माथिल्लो तहबाट समय-समयमा प्रभावकारी अनुगमन र नियमन हुन जरुरी छ । त्यसतर्फ सरकारले तत्काल सोच्नुपर्ने देखिन्छ ।

हालका दिनहरूमा महँगी झनै बढेको छ । महँगी नियन्त्रणमा छ वा महँगीलाई हामीले नियन्त्रण गरिरहेका छौं भन्ने अन्योल देखिन्छ । नेपाल राष्ट्र बैंकको तथ्यांक पत्याउनलायक छैन । सरकारले ढुवानीका साधनमा प्रयोग हुने डिजेलमा अनुदान दिएर मूल्य घटाइदिए ढुवानी भाडासमेत घटेर देशव्यापी रूपमा उपभोग्य सामग्रीहरूमा मूल्यवृद्धि रोकिनसक्छ । र, जनताले पनि राहत पाउने अवस्थाको सिर्जना हुन जान्छ ।

मुलुकको फरक धारको नेतृत्व गरिरहेको राष्ट्रिय पजातन्त्र पार्टी (राप्रपा) जनजीविकाका हरेक सवालहरूमा सरकारले बेवास्ता जनाएका कारण आन्दोलनतिर उन्मुख भइरहेको छ । आन्दोलनको कार्यक्रम फेरि पनि प्रारम्भ भएको छ । आन्दोलनको मोडालिटी बन्ने क्रममै छ । अबको आन्दोलन विगतको भन्दा केही फरक रूपमा अघि बढ्ने छ र सरकारलाई जनजीविका, सुशासन, भ्रष्टाचार नियन्त्रणका कुराहरूमा दबाब दिने योजना छ । निकट भविष्यमै संविधान संशोधन गरेर भए पनि देशमा देखिएका तमाम राजनीतिक समस्याहरू समाधान गरिनुपर्ने, न्याय प्रणालीमा सुधार गरिनुपर्ने, सार्वजनिक सेवाका नियुक्तिहरू पारदर्शी बनाइनुपर्ने, कूटनीतिक नियोगहरूमा दलीय भागबण्डाका आधारमा हुने नियुक्तिहरू रोकी प्रतिस्पर्धाका आधारमा सक्षम व्यक्तिहरूलाई कूटनीतिक सेवा राजदूतलगायतका महत्त्वपूर्ण पदहरूमा पदस्थापन गरिनुपर्ने कुरालाई राप्रपाले जोड दिइरहेको छ ।

त्यसैगरी स्थानीय सरकारहरूलाई अझ बढी चलायमान बनाउनुपर्ने, स्थानीय तहका सेवाहरू न्यून शुल्कमै प्रभावकारी ढंगले प्रदान गरिनुपर्ने र स्थानीय क्षेत्रमा हुने विकास निर्माणसमेत प्रतिस्पर्धाका आधारमा पारदर्शी ढंगले हुनुपर्ने कुरामा राप्रपाले जोड दिँदै आएको छ ।

हालैका दिनमा सरकार र सरकारसम्बद्ध दलहरू स-साना पार्टीले दुःख दिए भन्ने मनस्थितिमा पुगेर स-साना दलका गतिविधिलाई नियन्त्रण गर्ने उद्देश्यले संविधान संशोधन गर्ने मक्सद लिइरहेका देखिन्छन् । त्यसो भएमा मुलुकमा फेरि एकपटक अर्को राजनीतिक द्वन्द्व हुने अवस्था देखिएको छ । जुन मक्सद देश र जनताका लागि प्रत्युत्पादक हुने छ र स्वयं सत्ताधारी दलहरूलाई समेत उक्त कार्य प्रत्युत्पादक ठहरिने छ । यदि संविधान संशोधन गर्ने हो भने विज्ञसहितको सर्वदलीय संयन्त्र बनाएर संविधानका कुन-कुन बुँदाहरूमा परिवर्तन गरिनु जरुरी छ भन्ने व्यापक छलफल र परामर्श गरी आउने निष्कर्षका आधारमा सबैलाई मान्य हुनेगरी संशोधन गर्न जरुरी छ ।

देशमा संवैधानिक राजतन्त्र पुनः फर्किनुपर्छ भन्नेमा जनमत बढ्दो छ । आज मुलुक मियोविनाको दाइँ गरेजस्तो तवरले चलिरहेको छ । ठूला-ठूला भ्रष्टाचारका काण्डमा मुछिएका नेताहरूलाई दण्डित गर्न सकिएको अवस्था छैन । कर्मचारीहरूलाई भ्रष्टाचारमा मुद्दा चलाएता पनि भ्रष्टाचारमा संलग्न राजनीतिक व्यक्तिहरूलाई उन्मुक्ति दिइँदै आएको देखिन्छ । राजनीतिक नेतृत्वमा कोही कसैले केही भन्ला कि भन्ने डर हराएर गएको छ । यदि मुलुकमा संवैधानिक राजतन्त्र रहिरहेको हुन्थ्यो भने विभिन्न दलमा संलग्न र भ्रष्टाचारमा लीप्त नेताहरूले छुट पाउने अवस्था हुँदैनथ्यो । उनीहरूले कहिलेकाहीँ मुलुकमा राजा पनि छन् र भोलिका दिनमा राजाले हामीविरुद्ध कदम चाल्ने हुन् कि भन्ने डर, त्रास वा अभाष गरिरहेका हुन्थे । र, केही भए पनि उनीहरू मुलुक र जनताप्रति दवाफदेही हुन विवस हुन्थे भन्ने लाग्दछ । राजा भएका धेरै मुलुकले अहिले पनि प्रशस्त उन्नति गरिरहेको हाम्रा अगाडि कैयौं उदाहरणहरू छन् । नर्वे, जापान, बेलायत, स्पेन, साउदी अरेबिया, कतारलगायतका देशले प्रशस्त उन्नति गरिरहेका देखिन्छन् । तसर्थ नेपालमा पनि संवैधानिक राजतन्त्र पुनर्वहाली हुनु हरेक हिसाबले आवश्यकता बन्दै गएको देखिन्छ ।

देशको माटो सुहाउँदो विकासको रणनीतिमा देश हिँडाउने अत्यन्त विकासप्रेमी राजनेताको ठूलो आवश्यकता छ । नेपालको विगत र वर्तमान हेर्ने हो भने तत्कालीन राजा महेन्द्रलाई जति दोष लगाए पनि उनीजति विकासप्रेमी र दूरदर्शी शासक नेपालले कमै पाएको देखिन्छ । हामीलाई आधुनिक सिंगापुर बनाउने लिक्वान यू, आधुनिक मलेसिया बनाउने महाथिर मोहम्मद, आधुनिक जापान बनाउने सम्राट मैजीजस्ता राजनेताहरू हुनु जरुरी छ । तर, हालसम्मको राजनीतिक कोर्स हेर्दा त्यस्तो विलक्षण प्रतिभायुक्त राजनेता यस देशले तत्काल पाउनसक्ने स्थिति देखिएको छैन । यद्यपि राप्रपाका वर्तमान अध्यक्ष राजेन्द्र लिङ्देनले संसद्मै शपथ खाँदा थप शपथ भन्दै 'भ्रष्टाचार गरेर खानु आमाको रगत खानु बराबर हो' भनेर कसम खाएको हुनाले र उनले ४२ दिनको छोटो समय देशको उपप्रधान एवं ऊर्जामन्त्री हुँदा कैयौं वर्षदेखि पिपिए नभएर त्यसै अड्किएर रहेका सयौं जलविद्युत् कम्पनीहरूलाई पिपिए गरिदिन निर्देशन दिएर राप्रपाले मौका पाए देश बनाउँछ भन्ने छनक दिएका छन् । यस हिसाबले यदि राप्रपाको काँधमा देशको राजनीतिक जिम्मेवारी आएमा केही हदसम्म राप्रपाले देशलाई विकास र सुशासनको बाटोमा हिँडाउने छ भन्ने छनक देखिएको छ ।

मुलुकमा पछिल्लो समय संविधान संशोधनको विषयले चर्चा पाइरहेको हुँदा अबको संविधान संशोधनले सबैलाई समेट्नसक्ने हुनुपर्दछ । राजासमेत देशका लागि अविछिन्न आवश्यकता हो भन्ने कुरालाई मनन गर्नु र मुलुकमा जबरजस्त लादिएको धर्म निरपेक्षता हटाएर देश सर्वधर्म समभावसहितको हिन्दू अधिराज्यको रूपमा स्थापित हुनु जरुरी छ । त्यसबाहेक वर्तमान राज्य संरचनामा राष्ट्रिय सभा र प्रदेश संरचनाहरूको खासै प्रभावकारिता नदेखिएका हुनाले त्यस्ता संरचनाहरू खारेज गरी प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीसहितको संसदीय व्यवस्था कायम गर्दै संवैधानिक संरचनाहरूसमेत परिवर्तन गनुपर्छ । वर्तमान संविधानले व्यवस्था गरेका कतिपय आयोगहरू निष्प्रभावी देखिएको हुँदा त्यस्ता आयोगहरूसमेत संविधान संशोधन हुँदा हटाएर राज्यको स्रोत, साधन अनि अनावश्यक खर्चहरू नियन्त्रण गरिनु जरुरी छ । त्यसतर्फ अब संविधान संशोधन गर्दा सम्बन्धित निकाय तथा सरोकारवालाहरूको ध्यानाकर्षण होस् ।

*(लेखक राप्रपाको युवा नेता तथा अधिवक्ता हुन्)*

## पाठक मञ्च

# राजस्व अनुगमनमा प्रभावहीन सरकार

आमनागरिक अर्थमन्त्री विष्णु पौडेललाई सोध्छन्, 'कुनै पनि वस्तु तथा सेवा खरिद गरेपश्चात् बिल पाउने अधिकार हुन्छ कि हुँदैन ?' नेपालमा कहीँ कतै पनि बिल दिने चलन छैन । व्यापारीदेखि घरधनीसम्म पैसा लिन्छन् तर बिल दिँदैनन् । सरकार भन्छ, कुनै पनि वस्तु तथा सेवा खरिद गरेपछि अनिवार्य रूपमा बिल लिनू ।

अनि दिनेले नदिएपछि कसरी लिनु ? सरकार बिल दिनुपर्ने व्यवस्था कडाइका साथ लागू गर्न सक्दैन । यसले आमनागरिक त मर्कामा परेका छन् नै सँगै राज्यलाई समेत ठूलो हानि नोक्सानी भइरहेको छ । पछिल्लो समय इसेवा, मोबाइल बैंकिङ, खल्तीलगायत वालेटहरू प्रचलनमा छन् ।

अहिले चिया पसलदेखि होटल, रेस्टुरेन्ट, मेडिकललगायत जुनसुकै क्षेत्रमा यी वालेट सञ्चालनमा रहेका छन् । कुनै पनि पसल गएर सामान खरिद गरेमा व्यापारीहरू पैसाको साटो रकम ट्रान्सफर गरिदिनू भन्छन् । सोहीअनुरूप ग्राहकले पनि इसेवामार्फत रकम हालिदिन्छन् । तर, त्यो इसेवा सम्बन्धित व्यापारीको नाममा हुन्छ ।

कम्पनीको नाममा हुँदैन । जसका कारण उनीहरूले दिनमा लाखौंको कारोबार गरे पनि राज्यलाई भने व्यापार नभएको भन्दै राजस्व छल्छन् । त्यसो त हाल मुलुकमा सञ्चालनमा रहेका अधिकांश व्यापार व्यवसायको दर्ता नै छैन । व्यापारीहरूले आफूले सकेसम्म राज्य र जनतालाई ठग्दै आएका छन् । यता, पठाओमार्फत दिनहुँ लाखौं सर्वसाधारण यात्रा गर्छन् । कहीँ कतै जान हतार परेमा अहिले मानिसहरू सीधै पठाओ वा ट्याक्सी बुकिङ गर्छन् । त्यसमा पनि इसेवाबाटै भाडा रकम ट्रान्सफर गर्ने गरिएको छ । सम्बन्धित चालकले आफ्नो व्यक्तिगत खातामा रकम हाल्न लगाउँछन् ।

यसरी व्यक्तिगत खातामा रकम हाल्न लगाएपछि उनीहरूले आम्दानीबापत राज्यलाई तिर्नुपर्ने राजस्व छल्छन् । घरधनीहरू ठाउँअनुसार कोठा, सटर र फ्ल्याटको मूल्य तोक्छन् । अहिले उपत्यकामा एउटै कोठाको मासिक भाडा पाँच हजारदेखि २० हजार रूपैयाँसम्म छ । एक फ्ल्याटको ३० हजारदेखि तीन दुई लाख र एउटा सटरको २५ हजारदेखि १९ लाखसम्म रहेको छ । खाली सटर २० लाखदेखि ५० लाखसम्म किनबेच हुने गरेको छ ।

रोचक कुरा त के छ भने घरधनीहरू डेराबहालसँग यत्रो भाडा उठाउँछन् । तर, न उनीहरूलाई बिल दिन्छन् न राज्यलाई राजस्व तिर्छन् । अहिले कतिपय घरधनीहरूले मोबाइलमार्फत पनि कारोबार गर्ने गरेका छन् । उनीहरू डेराबहाललाई इसेवा, मोबाइल बैंकिङमार्फत भाडा रकम ट्रान्सफर गरिदिन भन्छन् । सोबमोजिम डेराबहालले रकम ट्रान्सफर गरिदिन्छन् । अनि राज्यलाई तिर्नुपर्ने राजस्व भने विभिन्न बहाना बनाएर छल्छन् ।

लामो तथा छोटो रुटको गाडीले दिनमै पाँच हजारदेखि ५० हजार रूपैयाँसम्म आम्दानी गर्छन् । तर, यिनीहरू पनि यात्रुसँग पैसा लिन्छन्, टिकट दिँदैनन् । अर्को कुरा निजी संघसंस्था, होटल, रेस्टुरेन्ट, घरहरूमा काम गर्नेलाई बैंकमार्फत तलब दिइादैन । किनकि बैंकमार्फत दिँदा सरकारले तोकेको पारिश्रमिक १७ हजार ३०० रूपैयाँ दिनुपर्छ ।

यद्यपि, अहिले यी क्षेत्रमा काम गर्ने अधिकांश मानिसको तलब मासिक पाँच हजारदेखि बढीमा १० हजार रूपैयाँ रहेको छ । अहिले देशभर १४ सयभन्दा बढी यातायात कम्पनी तथा पालिक रहेका छन् । यिनीहरूले दिनकै लाखौं आम्दानी गर्दछन् । तर, राज्यलाई कर तिर्ने बेला कम्पनी घाटामा रहेको देखाएर राजस्व छलिन्छ ।

व्यापारी व्यवसायीहरूले आमसर्वसाधारणलाई लुटिरहँदा र राज्यलाई राजस्व छल्दासमेत सरकार मौन बसिरहेको छ । न स्थानीय तह अनुगमन गर्छ न सरकारी स्वामित्वकै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग । यता, राजस्व विभाग पनि व्यापारीहरूले कर त छलिरहेका छैनन् ? भनेर अनुगमनमा निस्किँदैन । प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री पौडेल राजस्व उठाउन र उपभोक्ता ठग्नबाट जोगाउन आवश्यक कदम चाल्न सक्दैनन् ।

बरु प्रधानमन्त्री ओली मन्त्रीदेखि सचिवलाई आफ्नो कार्यालयमा बोलाउँछन् अनि गफ हाक्छन् । व्यापारीहरू जनता र राज्यलाई ठगिरहेका छन् । किनकि सरकारभन्दा शक्तिशाली दलाली, व्यापारी, बिचौलिया भएका छन् सरकारले अनुगमनमा चासो नदेखाउँदा एकातिर जनताले सहुलियता पाएका छैनन् अर्कोतिर राज्य राजस्वबाट वञ्चित भएको छ । त्यसैले, यसतर्फ सरकारको बेलैमा जान जाओस् ।

**- रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# गाउँको विद्यालयः जहाँ सहरका विद्यार्थी पढ्छन्

■ डम्मर बुढामगर

**ढोरपाटन (बागलुङ)**– बसाईंसराइका कारण बागलुङका कयौं ग्रामीण बस्ती उजाडिँदै गएका छन् । गुणस्तरीय शिक्षा, स्वास्थ्यलगायतका सुविधा खोज्दै बजार झर्नेको अहिले पनि लर्को नै चलेको छ । स्थानीय सरकारले नागरिकको आधारभूत आवश्यकतालाई परिपूर्ति गर्न नसक्दा गाउँ रित्तिने अवस्थामा पुगेका हुन् ।

गाउँमा जनसंख्या घट्दै गएपछि विद्यालयमा विद्यार्थीसमेत घट्दै गएका छन् । तर जिल्लाको बागलुङ नगरपालिका-१४ नारायणस्थानस्थित गणेश माध्यामिक विद्यालयमा भने त्यसको कुनै असर परेको छैन । बरु बजारबाट विद्यार्थी गाउँको विद्यालयमा पढ्न आउँछन् । पर्वत जिल्ला सदरमुकाम कुश्माबजार नजिक पर्ने गणेश माविमा विद्यार्थीको चाप बढ्दो छ । बजारका निजी विद्यालय छोडेर गाउँमा आउने विद्यार्थीले यस विद्यालयको गरिमालाई थप बढाएको छ । यस विद्यालयमा झण्डै १०० भन्दा बढी विद्यार्थी अहिले अन्य जिल्लाबाट आएर अध्ययन गरिरहेका छन् ।

नारायणस्थान गाउँका विद्यार्थीले मात्रै नभई अन्य ठाउँबाट पढ्न आएका बालबालिकाले गणेश माविमा चाप बढेको हो । गत वर्षको तुलनामा यस वर्ष करिब ३५ विद्यार्थी कम छन् । यद्यपि चाप भने उस्तै छ । आर्थिक वर्ष २०८०/८१ मा यस विद्यालयमा ७५० विद्यार्थी अध्ययनरत रहेकामा चालु आर्थिक वर्ष २०८१/८२ मा ७१५ जना रहेका छन् । कक्षा कोठा अभाव हुँदा कक्षा ११ र १२ बिहानमा सञ्चालन गर्नुपरेको रिजालले बताए । पुस्तकालयको अभाव हुँदा बालबालिकालाई चाहेअनुसार सुविधा दिन नसकेको उनको भनाइ छ । हाल कक्षा ११ र १२ मा ६५ जना विद्यार्थी अध्ययनरत छन् ।

हरेक वर्ष नारायणस्थानभन्दा बाहिर ठाउँबाट आउने विद्यार्थीको संख्या बढेको विद्यालयले जनाएको छ । विद्यालयले शैक्षिक गुणस्तर बढाउन थालेपछि तीन वर्षयता ३०० जना विद्यार्थी निजी विद्यालय छोडेर यहाँ आएका छन् । पछिल्लो समय गाउँका विद्यार्थीको आकर्षण सहरका निजी विद्यालयमा भए पनि यहाँ कुश्माको सहरबाट अध्ययन गर्ने बढिरहेका छन् । सहजरूपमा शिक्षण सिकाइ गर्नका लागि १५ जनाभन्दा बढी विद्यार्थी भएको कक्षामा 'सेक्सन' छुट्ट्याएर पठनपाठन गराउँदै आएको छ । अंग्रेजी माध्यमबाट पढाइ हुने भएकाले पनि निजी विद्यालयबाट यहाँ विद्यार्थीको आकर्षण बढेको हो ।

विद्यालयको शैक्षिक गुणस्तरसमेत गण्डकी प्रदेशमा नै अब्बल मानिँदै आएको छ । यस विद्यालय आव २०७६/७७ मा नेपाल सरकारको नमूना विद्यालयमा छनोट भएको थियो । विद्यालयले बिदा कटौती गर्दा विद्यार्थी नियमित विद्यालय आउने गरेका छन् । विद्यालयमा विद्यार्थीको संख्या बढेसँगै शैक्षिक गुणस्तरमा पनि जोड दिइएको विद्यालयका प्रधानाध्यापक एकनाथ रिजालले बताए । विद्यालयले शनिबारबाहेक दसैंमा १० दिन र तिहारमा एक सातामात्रै बिदा गर्ने गरेको उनको भनाइ छ ।

विद्यालयले एसइईसहित अन्य परीक्षामा सतप्रतिशत नतिजा प्राप्त गर्ने हुँदा अन्य विद्यालयबाट आउने विद्यार्थीको आकर्षण बढेको रिजालले बताए । उनका अनुसार छिमेकी जिल्ला पर्वतको कुश्मा बजारबाट दैनिक दर्जनौं विद्यार्थी झोलुंगे पुल र यान्त्रिक पुल तरेर यहाँ पढ्न आउने गर्दछन् । पर्वतमात्र नभई पोखरा, बागलुङको जैमिनी नगरपालिका, काठेखोला गाउँपालिका, बरेङ गाउँपालिकादेखि विद्यार्थीहरू यस विद्यालयमा आउने गर्दछन् ।

यस विद्यालयमा निःशुल्क होस्टेलको सुविधा छ भने यहाँ बस्ने विद्यार्थीले खानाको मात्रै शुल्क तिरे पुग्छ । अहिले १५० जना विद्यार्थीले आवासीय सुविधा लिएर अध्ययन गरिरहेका छन् । शिक्षक, कर्मचारी र यस ठाउँको समुदायले विद्यालयप्रति निकै चासो दिएकाले गर्दा विद्यार्थीको आकर्षण बढेको छ । यस ठाउँबाट धेरै मानिस बसाइँसराइ गरेर बाहिर गए पनि छिमेकी गाउँहरूबाट आउने संख्या बढी हुँदा विद्यार्थीको संख्यामा कमी छैन । टाढाका विद्यार्थी ल्याउनका लागि विद्यालयले स्कुल बस सञ्चालनमा ल्याएको छ । गरिब विद्यार्थीलाई निःशुल्क आवासीय सुविधासमेत दिइएको छ ।

नेपाल सरकारको नमूना विद्यालयमा छनोट गरेपछि आव २०७८/७९ देखि पाँच वर्षसम्म सात करोड ५० लाख रूपैयाँ बजेट कार्यान्वयनको चरणमा रहेको विद्यालयले जनाएको छ । विद्यालयले १५ वर्षअघि अंग्रेजी माध्यममा अध्यापन थालेपछि विद्यार्थीको आकर्षण बढ्दै गएको थियो । अहिले विद्यालयमा भौतिक संरचनाको अभाव रहेको छ । नमूना विद्यालय अनुदान कार्यक्रमअन्तर्गत पाँच वर्षमा आउने सात करोड ५० लाखमध्ये पाँच करोड भौतिक पूर्वाधार तथा दुई करोड ५० लाख शैक्षक गुणस्तरमा खर्च गर्न थालिएको छ ।

वि.सं. २०३७ सालमा स्थापना भएको विद्यालयमा कक्षा ४ देखि अनिवार्य कम्प्युटर शिक्षा, विज्ञान प्रयोगशालालगायतका अतिरिक्त कक्षासमेत सञ्चालनमा छन् । १८ जना दरबन्दीका शिक्षक रहेको विद्यालयमा अन्य शिक्षक तथा कर्मचारी गरी ५० जना कार्यरत रहेका छन् । दरबन्दीबाहेकका शिक्षक तथा कर्मचारीलाई निजी स्रोतबाट तलब खुवाइएको अध्यक्ष विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बालमुकुन्द शर्माले बताए । विद्यार्थीमैत्री शिक्षण सिकाइ, अंग्रेजी माध्यममा पढाइ, कम्प्युटर कक्षा, विविध सिर्जनात्मक शैली र अभ्याससहित पठनपाठन, सुविधा सम्पन्न पुस्तकालय अतिरिक्त कक्षा तथा क्रियाकलाप र चुस्त व्यवस्थापनका कारण गणेश मावि देशकै नमूना विद्यालयको रूपमा स्थापित अध्यक्ष शर्मा दावी गर्छन् । *रासस*


## दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

*(प्रथम प्रकाशित मिति : २०८१/०९/२६ गते, शुक्रबार)*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था **श्री VARSHA MANPOWER PVT. LTD. (इ.प.नं. ९५४/०६७/६८)** ले यस विभाग समक्ष कास्की जिल्ला पोखरा म.न.पा.वडा नं.८ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाऊँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०९/२४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग वमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।



## तु-आवश्यकता

**यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

**1. PRO- 3 (F/M)**
**2. ACCOUNTANT- 1 (F/M)**

**नोटः +2 Passed,** अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

**Dulsco Human Resources Pvt. Ltd.** श्रम ईजाजत नं. ५००/०६१/०६२

Dhumbarahi-4, Nepal. Tel: +977- 014547688, Mobile: 980-3061585,
Email: dulscohr500@gmail.com, Web: www.dulscohr.com.np



## Amadablam Mini Hydro Limited

Nilopul, Kapan, Kathmandu, Nepal
Phone: **9841540132**, Email: **amadablamhydro@gmail.com**

### Invitation for Electronic Bids

Contract Identification No.: **AMHL/NCB/W/2081/82-01**
Date of Notice Publication: **10 January 2025**

1. **Amadablam Mini Hydro Limited (AMHL) has received a subsidy from the Alternative Energy Promotion Centre (AEPC),** towards the cost of the **Amadablam Mini Hydro Project (911kW)** and intends to apply the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Bidders as per Section V of the Bidding Document.
2. The **AMHL** invites Electronic Bids from eligible bidders for the Works **"Installation of Underground Transmission and Distribution Components of Amadablam Mini Hydro Project (911 kW) at Khumbu Pasanglhamu Rural Municipality, Ward No 4, Solukhumbu"** under **National Competitive Bidding** (NCB) – Single Stage Two Envelope (1S2E) Bidding procedures. Only eligible National Bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs. 97 Million**
   - Minimum Work experience of similar size and nature: At least One (1) Contract within the last ten (10) years that has been successfully or substantially completed and that is similar to the proposed works: **NRs. 59 Million**
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate Bids, one containing (i) the Technical Bid and the other (ii) the Price Bid as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Amadablam Mini Hydro Limited, Nilopul, Kapan, Kathmandu** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
5. Complete set of Bidding Documents for the task in English is available online and may be downloaded for e-submission from the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Bidder, submitting their bid electronically, should deposit the cost of the Bidding Document (non-refundable fee) of **NRs. 10,000** to the **AMHL's Current Account Number: 55506334597, Siddhartha Bank Limited, Hattisar, Kathmandu Branch** and a scanned copy in PDF format of the voucher/receipt of the deposited amount must be submitted/uploaded along with the Electronic Bid.
6. Pre-bid meetings shall be held at **AMHL, Nilopul, Kapan, Kathmandu, Nepal** at **11:00 A.M. on 27 January 2025**.
7. Interested eligible and qualified Bidders are required to submit the Electronic Bids through e-GP system of PPMO: **www.bolpatra.gov.np/egp** on or before **1:00 P.M. on 10 February 2025.**
8. Submitted Technical Electronic Bids will be opened in the presence of Bidder's representatives who choose to attend at **1:15 P.M. on 10 February 2025** at the office of **AMHL, Nilopul, Kathmandu, Nepal.** But nothing shall bar the opening of Bids by the reason only that any Bidder or its agent is not present. The bidder's representative should bear with authorization duly signed by the authority of the firm at the time of Bid opening.
9. Bids must be valid for a period of **120 days** counting from the date of technical bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs. 2,400,000.00,** which shall be valid for a minimum of 30 days beyond the bid validity period **(i.e., Valid up to a minimum of 9 July 2025.**
10. If the Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in **AMHL's Current Account Number: 55506334597, Siddhartha Bank Limited, Hattisar, Kathmandu** Branch and a scanned copy in PDF format of the voucher/receipt of the deposited amount must be submitted/ uploaded along with the Electronic Bid.
11. Other details are provided in the uploaded Bidding Documents available on the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**



मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्यामन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय
मधेश प्रदेश
मलंगवा, सर्लाही

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८१/०९/२६

यस कार्यालयबाट मिति २०८१/०४/११ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धी बिधुतीय सूचना अनुसार रितपूर्वक दाखिला हुन आएको बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मुल्यांकित भई सारभूत रूपमा प्रभावग्राही भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| ठेक्का नं. र कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र PS समेत) |
|---|---|---|
| PAAH/Sarlahi/Works/NCB/080/081/01 Construction of Provincial Aayurved Yog,Panchkarma Hospital and Research Center, Gangapur, Sarlahi | Hamro-BNS-Jawahar J/V Mirchaiya Karjanha Siraha | रू. ११९९६३६२७.१६/- |

कार्यालय प्रमुख



Karnali Province Government
Ministry of Social Development
Education Development Directorate
**Social Development Office, Dailekh**

## Invitation for Electronic Bids

*First Date of Publication:-2081/09/26(10-Jan.2025)*

1. Social Development Office, Dailekh invites Electronic bids under National Competitive Bidding-Single Stage Single envelope procedure from eligible Nepalese bidders to be Submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp for the package mentioned below.

| Contract Information No. | Description of work | cost of bidding document (NRs) | Bid Bond Amount (NRs) | Estimate amount (NRs) Without VAT | Bid Security Pried |
|---|---|---|---|---|---|
| SDO/DLK/W/NCB/14/2081/082 | Additional floors of campus building Kotdewal Jana Adarsh Campus Dungeshwar rural municipality-04, Dailekh | 3000 | 125000 | 4162469.027 | 120 days |

2. Information of Deposit the cost of Bidding Document in Bank: - Rastriya Banija Bank Dailekh .
Bank Account Number: - 401010020203000 Province Account unit office dailekh .
Name Office: - Social Development Office Dailekh. Office Code:-3500167016
Rajaswo shirshak no:-14229
3. Electronic bid must be submitted to Social Development Office Dailekh through PPMO's website:www.bolpatra.gov.np/egp

**Chief Social Development Officer**



## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

**बागमती प्रदेश, हेटौडा**

### घरभाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०९/२६

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शैक्षिक कार्यक्रमहरु संचालन गर्नका लागि निम्न बमोजिमको शर्तमा घर भाडामा लिनुपर्ने भएकोले इच्छुक घरधनीहरु, व्यक्ति तथा संघसस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भिन्न रितपूर्वक सिलबन्दी प्रस्ताव यस प्रतिष्ठानको केन्द्रिय कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. हेटौडा बसपार्कबाट बढीमा ३ कि.मि. क्षेत्र भित्र स्ल्याब ढलान सडकसंग जोडिएको पक्कि भवन हुनुपर्नेछ ।
२. जग्गाको क्षेत्रफल कम्तिमा १५ धुर हुनुपर्नेछ । साथै, कम्तिमा ३४०० वर्ग फिट भएको घर, महिला र पुरूषको शौचालय छुट्टाछुट्टै हुनुपर्नेछ ।
३. कम्तिमा दुइ पांग्रे सवारी साधन (५) वटा र चार पांग्रे सवारी साधन (२) वटा अट्ने पार्किंग स्थान हुनुपर्नेछ ।
४. घरसम्म जाने सडक, खानेपानीको धारा र बिधुतको मिटर जडान भएको हुनुपर्नेछ ।
५. घरधनीले यस प्रतिष्ठानमा आफै वा वारिसद्वारा दिन चाहेको भाडामा कबोल रकम पेश गर्न सक्नेछ । उक्त प्रस्तावमा घरको नापनक्सा र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, कित्ता नम्बर खुल्ने कागजातको प्रतिलिपि, आ.व. ०८१/०८२ को एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि, फर्म, सस्था वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरणको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । साथै छनोट हुने प्रस्तावकले प्रतिष्ठानले मागे वमोजिमको बैंक खाता नं र प्यान नं उपलब्ध गराउनु पर्दछ ।
६. घरभाडाको निर्धारण सार्वजनिक खरिद एन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (आर्थिक प्रशासन), नियमावली २०७७ बमोजिम हुनेछ ।
७. घरभाडा लिने नलिने सम्बन्धमा अन्तिम निर्णय लिने अधिकार प्रतिष्ठानमा निहित रहेनछ । साथै पेश भएका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रतिष्ठानको निर्णय अन्तिममा मान्य हुनेछ ।
८. प्रस्ताव मिति २०८१ माघ ११ गते कार्यालय समय भित्र प्रतिष्ठानको केन्द्रिय कार्यालय, टिसियन, हेटौंडा १० मा दर्ता गर्नु पर्नेछ । म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारबाही हुने छैन ।
९. माथि उल्लेखित शर्त बाहेक अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रभाव दैनिक
शुक्रबार, २६ पुस २०८१ (Friday, January 10, 2025)




## थाहा फिल्म फेस्टिभलमा २० फिल्म

थाहा फिल्म फेस्टिभलको दोस्रो संस्करण यही पुस २८ गतेदेखि सुरू हुने भएको छ। तीन दिन चल्ने फेष्टिभलमा शर्ट फिल्म, फिचर फिल्म र डकुमेन्ट्रीसमेत गरि २० फिल्म प्रदर्शन हुनेछ। महोत्सवमा सहभागिताका लागि ४६ फिल्मले आवेदन दिएका थिए। जसबाट २० फिल्म छानिएको आयोजक थाहा कला केन्द्रले जनाएको हो। मकवानपुरको थाहा नगरपालिकास्थित बज्रबाराहीमा आयोजना हुने यस महोत्सवमा 'पखेटा', 'टुल्की', 'बाटो', 'लाखे', 'सतिदेवी', 'मोदिवेनी' लगायतका फिचर फिल्म देखाइनेछ।



# 'कार्साङ'को प्रिमियरमा चहलपहल

■ प्रभाव संवाददाता




**काठमाडौं–** आगामी पुस २६ गते रिलिज हुने तय भएको चलचित्र 'कार्साङ' को प्रिमियर गरिएको छ। बुधबार साँझ काठमाडौंस्थित बिग मुभिजमा उक्त फिल्मको प्रिमियर भएको हो।

प्रिमियरमा सिनेमाकर्मी र सञ्चारकर्मीको बाक्लो उपस्थिति थियो। कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, निर्देशक दिपश्री निरौला, अनुप बराल, गायक कमल खत्री, मेलिना मैनालीलगायत कलाकार उपस्थित थिए। चलचित्रका मुख्य पात्र दयाहाङ राई कार्यब्यस्तताले उपस्थित हुन नसकेको कार्साङ निर्माण पक्षले जनाएको छ। चलचित्र 'कार्साङ' यम शेर्पाको डेब्यु निर्देशन हो। 'कार्साङ'मा ग्रामीण परिवेशमा आधारित पारिवारिक कथा रहेको निर्देशक शेर्पाले बताए।

चलचित्रले गरिब, गरिबी र शेर्पा समुदायको सांस्कृतिक कथा प्रस्तुत गर्दैछ। निर्माण पक्षले यो फिल्मले दर्शकको मन जित्न र विश्वास जगाउन सफल हुने बताएका छन्।

चलचित्र 'कार्साङ' मा मा दयाहाङ राई, सृजन निङ्लेखु, जितु नेपाल, दिया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन र सुरवीर पण्डितको अभिनय छ।

यार्सा फिल्म्स र पुरुषोत्तम प्रधान फिल्म्सको प्रस्तुति रहेको यस चलचित्रका निर्माता तथा छायांकन पुरुषोत्तम प्रधान हुन्। सह-निर्माता गोविन्द बोहरा हुन्। कार्यकारी निर्माता रूपा आङ्छिरिङ शेर्पा छन्।

# फर्स्टलुकमा यस्तो देखियो फिल्म 'गुरू आमा'को पोस्टर

**काठमाडौं (प्रस)** – फिल्म 'गुरु आमा'को फष्टलुक्स अर्थात पहिलो पोस्टर सार्वजनिक गरिएको छ। बिहीबार राजधानीमा आयोजित एक कार्यक्रमका बिच फष्टलुक्स सार्वजनिक गरिएको हो। पोष्टरमा कलाकार मिथिला शर्मा, बुद्धि तामाङलगायत कलाकार देखिएका छन्।

फिल्मका निर्माता तथा निर्देशक प्रेम सोनी सुनार हुन्। फिल्ममा मिथिला शर्मा, गौरी मल्ल, बुद्धि तामाङ, टिका सानु, सुस्मा थापा, सुशील पोखरेल, धुर्ब कोइराला, उत्तम के.सी, गिरी बहादुर पुन लगायतका कलाकारको अभिनय छ।

फिल्मले किशोर किशोरी कसरी दुर्व्यसनमा फस्छन्, सन्तान बिग्रनुमा सङ्गत र अभिभावक कत्तिको जिम्मेवारी हुन्छन् भन्ने विषय कथा बनाएको छ। फिल्मले शिक्षक, विद्यार्थी र अभिभावकबिचको सम्बन्धमा सुधार ल्याउने निर्देशक सुनारले बताए।




रंगशाला

# प्रधानमन्त्री कप क्रिकेटको उपाधि बैतडीलाई

■ प्रभाव संवाददाता




**बैतडी–** प्रधानमन्त्री कप महिला टि-२० सुदूरपश्चिम प्रदेशस्तरीय छनोट क्रिकेट प्रतियोगिताको उपाधि बैतडीले जितेको छ। फाइनल खेलमा बैतडीले कञ्चनपुरलाई ६ विकेटले पराजित गरेको हो।

दशरथ चन्द क्रिकेट मैदान, सुन्दरखालीमा टस हारेर पहिला ब्याटिङ गरेको कञ्चनपुरले २० ओभरमा सबै विकेट गुमाएर ७१ रन बनायो। बहत्तर रनको विजयी लक्ष्य बैतडीले १२ दशमल दुई ओभरमा चार विकेटको क्षतिमा पूरा गर्यो। बैतडीका लागि कप्तान ऋतु कनौजियाले अविजित २२ र जानकी थापाले अविजित १४ रन बनाइन्। बलिङतर्फ कञ्चनपुरकी मन्जु विष्टले दुई विकेट लिइन्।

यसअघि पहिला ब्याटिङ गर्ने क्रममा कञ्चनपुरका लागि रेवती धामीले ४१ रनको योगदान दिइन्। अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। बलिङतर्फ बैतडीका लागि जानकी थापाले दुई विकेट लिइन्। उनी वुमन अफ दी फाइनल घोषित भइन्। बैतडीकी ऋतु कनौजिया प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भइन्। यस्तै कञ्चनपुरकी कप्तान बिन्दु रावल उत्कृष्ट ब्याटर, बैतडीकी करिश्मा थापा उत्कृष्ट बलर र डडेल्धुराकी जयन्ती भण्डारी उदीयमान खेलाडी घोषित भइन्।

विजेता तथा उपविजेता खेलाडीलाई नेपाल क्रिकेट सङ्घ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्द, राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत राष्ट्रिय टोली तयारीका निर्देशक एवं ओलम्पियन दीपक विष्ट, क्यानका केन्द्रीय सदस्य धिरेन्द्र सावद, सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका उपाध्यक्ष रमेश बोहरालगायतले पुरस्कार प्रदान गरे। समापन समारोहमा क्यान अध्यक्ष चन्दले क्रिकेटलाई सबैको साझा खेल बनाइने बताए। क्रिकेटलाई व्यावशायिक बनाइनुका साथै भविष्यमा महिला प्रिमियर लिग पनि आयोजना गरिने उनले बताए।

ओलम्पियन विष्टले क्रिकेटले नेपाललाई विश्वभरी चिनाएको बताए। क्रिकेटको विकासका लागि उल्लेख्य काम गरेकामा क्यान नेतृत्वको उनले प्रशंसा गरे। सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घको आयोजना र बैतडी जिल्ला क्रिकेट सङ्घको सहआयोजनामा यही पुस १९ गतेदेखि सुरू भएको प्रतियोगितामा प्रदेशका सात जिल्लाको टोली सहभागी थिए।

# नेपाललाई स्नुकरमा ऐतिहासिक पदक पक्का

■ प्रभाव संवाददाता

**काठमाडौं–** अंकितमान श्रेष्ठले कोलम्बोमा भइरहेको तेस्रो सार्क स्नुकर च्याम्पियनसिपको सेमिफाइनल यात्रा तय गर्दै पदक पक्का गरेका छन्। यससँगै उनी नेपाली स्नुकर इतिहासमा पहिलो पदक विजेता भएका छन्।

मुर्स स्पोर्ट्स क्लबमा आयोजित च्याम्पियनसिपमा बिहीबार अंकित आफ्नो समूहचरणमा दोस्रो हुँदै नकआउट चरण प्रवेश गरेका थिए। त्यसपछि उनले श्रीलंकाका सुसन्था बोथेजुलाई निर्णायक फ्रेममा पराजित गर्दै ४-३ को जितसहित ऐतिहासिक पदक पक्का गरेका हुन्। स्नुकरमा सेमिफाइनल पुगेपछि पदक जित्ने पक्का हुन्छ। किनभने सेमिफाइनलमा हार्ने दुवै खेलाडीलाई कांस्यपदक दिने प्रचलन छ।

नेपाली खेलाडी अन्तर्राष्ट्रिय स्नुकर प्रतियोगितामा सहभागी भएको १८ वर्ष भएको छ, जसमा पहिलो पदक विजेता बनेका हुन् अंकित। प्रतियोगिता स्थलमा रहेका नेपाल बिलियर्ड, स्नुकर एन्ड पुल एसोसिएसनका अध्यक्ष सरोज कुमार मुल्मीले भने, 'अंकितको नेपाललाई ऐतिहासिक पदक पक्का गरेका हुन्। यसअघि नेपालले अन्तर्राष्ट्रिय प्रतियोगिताबाट स्नुकरमा कुनै पदक जितेको थिएन।'

३७ वर्षीय अंकितले बंगलादेशमा भएका सार्क स्नुकर च्याम्पियनसिपका अघिल्ला दुई संस्करण पनि खेलेका थिए। च्याम्पियनसिपमा पाँच देशका १२ खेलाडी सहभीग छन्। अंकितसँगै कोलम्बो पुगेका आयुष गौतम भने समूह चरणबाटै बाहिरिए।

# अनिताको ह्याट्रिकका साथ पुलिसको पोस्टमा आधा दर्जन गोल



■ प्रभाव संवाददाता

**काठमाडौं–** कप्तान अनिता बस्नेतको ह्याट्रिकसँगै एपिएफ क्लब एन्फा राष्ट्रिय महिला लिगअन्तर्गत फाइनल राउन्डमा शीर्ष स्थानमा उक्लिएको छ।

एन्फा कम्प्लेक्समा बिहीबार सम्पन्न विभागीय डर्बीमा एपिएफले नेपाल पुलिस क्लबलाई ६-० ले पराजित गरेको हो। लगातार तेस्रो जित निकालेको एपिएफले तीन खेलबाट ९ अंक जोडेको छ।

पहिलो पराजय बेहोरेको पुलिसको चार खेलबाट सात अंक छ। एपिएफलाई जित दिलाउन सरु लिम्बुले दुई र रेनुका नगरकोटेले एक गोल थपे।

खेलको ११औं मिनेटमा अनिताको गोलमार्फत एपिएफले अग्रता लिएको थियो। ३७औं मिनेटमा रेनुकाले टोलीको अग्रता दोब्बर बनाइन्। ८६ र ८७औं मिनेटमा सरुले गोल गर्दा एपिएफको अग्रता ४-० मा पुगेको थियो। इन्जुरी समयमा दुई गोल गर्दै अनिताले ह्याट्रिक पूरा गरिन्।


## साउदीमा रोजगार — कम्पनी : YUM YUM PIZZA RESTAURANTS FOR PROVIDE MEALS

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316811 | चलानी नं. ६०२३१०८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1400 | ५१,१४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-44959029
Email: muskanoverseas786@gmail.com, Web: www.muskanoverseas.com.np

## साउदीमा रोजगार — कम्पनी : AL-MUKHAZIN AL-ARAYQA FOR TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316873 | चलानी नं. ६०२३११०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 6 | 0 | 1200 | ४३,८४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ।

सेवा शुल्क: १०,०००

Reliance Recruitment Services Pvt. Ltd.
श्रम इजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## युएइमा रोजगार — कम्पनी : GHEYOUM MUWAILEH PLASTER TILES

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | पून: विज्ञापन स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 309640 | चलानी नं. ६०२२४९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | 1200 | ४४,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 2 | 0 | 800 | २९,८६९ | | | | | | | |
| 3. | Mason (Nepal) | 5 | 0 | 1200 | ४४,८०४ | | | | | | | |
| 4. | Steal Fixer | 1 | 0 | 1200 | ४४,८०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ।

सेवा शुल्क: १०,०००

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

## साउदीमा रोजगार — कम्पनी : AMJAD ABDULLAH BIN SULEIMAN AL-MOUSA FOUNDATION FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316878 | चलानी नं. ६०२३१०८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३६,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ।

सेवा शुल्क: १०,०००

Nasser Outsourcing Consultants Pvt. Ltd.
श्रम इजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

## कुवेतमा रोजगार — कम्पनी : ZAJL FOR DELIVERY OF CONSUMER ORDERS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316790 | चलानी नं. ६०२३१०९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fresh Light Driver | 14 | 0 | 150 | ६६,७२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ।

सेवा शुल्क: नि:शुल्क

Ujyalo Overseas Pvt. Ltd.
श्रम इजाजत नं. १३३५/०७४/०७५
Kathmandu, Nepal Tel : +977-1-4110543 , 9861588349, 9842050869
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com

## कुवेतमा रोजगार — कम्पनी : OLIVE FRESH CENTRAL MARKET FOR FOODSTUFFS CO.

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316895 | चलानी नं. ६०२३११०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VENDOR/SALESMAN | 2 | 6 | 140 | ६२,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ।

सेवा शुल्क: नि:शुल्क

Supreme Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

## युएइमा रोजगार — कम्पनी : TAWASUL STAR SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316866 | चलानी नं. ६०२३१०९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD MALE | 16 | 0 | 1200 | ४४,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ।

सेवा शुल्क: नि:शुल्क

EMPOWER HUNTR HR SOLUTION PVT. LTD.
Govt. License No. 1150/073/074
Sinamangal – 09 Kathmandu Nepal, Tel: +977-01-4560541/42, E-mail : info@empowerhrnepal.com.np, empowerhr1150@gmail.com, Website : www.empowerhrnepal.com.np

## युएईमा रोजगार — कम्पनी : Mohammed Abdulmohsin Al Kharafi And Sons Llc Dubai

पूर्व स्वीकृति मिति : २०८१/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 305439 | चलानी नं. ६०२२०१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASON | 100 | 0 | 1200 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ordinary labourer | 200 | 0 | 800 | २९,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ।

सेवा शुल्क: नि:शुल्क

AIR KINGS PLACEMENT PVT. LTD.(VRINDIT SERVICES PVT. LTD.)
Kupandol-10, Lalitpur, Nepal Phone No.01-5424006, 5427196

# आन्द्र प्रदेशस्थित एक मन्दिरमा भागदौड हुँदा छ जनाको मृत्यु

**नयाँदिल्ली–** भारतमा हिन्दू धर्मावलम्बी भेला भएको एक मन्दिरमा भागदौड मच्चिँदा कम्तीमा छ जनाको मृत्यु भएको र अन्य कैयौं घाइते भएका अधिकारीहरूले बिहीबार बताएका छन् । भारतको दक्षिणी राज्य आन्ध्र प्रदेशमा रहेको श्री वेंकटेश्वर स्वामी (तिरूपति) मन्दिरको दर्शनका लागि प्रवेश द्वारमा टोकन लिन ठूलो भीड जम्मा भएका समय एकाएक भागदौड मच्चिएको थियो ।

'हजारौं धर्मावलम्बी भेला भएको मन्दिर परिसरमा भएको दुर्भाग्यपूर्ण घटनामा छ जना भक्तजनको ज्यान गएको छ । दिवंगत आत्माको शान्तिका लागि म भगवान्सँग प्रार्थना गर्दछु,' राज्यको सत्तारुढ तेलुगु देशम पार्टीका प्रवक्ता प्रेमकुमार जैनले घटनाको पुष्टि गर्दै दुःख व्यक्त गरे । प्रधानमन्त्री नरेन्द्र मोदीले मृतकका परिवारजनप्रति समवेदना प्रकट गरेका छन् ।

प्रधानमन्त्रीको कार्यालयले सामाजिक सञ्जाल एक्समा जारी एक सन्देशमा भनिएको छ, 'यस दुःखद् घडीमा घटनामा ज्यान गुमाएका भक्तजनप्रति श्रद्धाञ्जलि अर्पण गर्दछु, साथै, घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारका सदस्य र आपन्तजनप्रति समवेदना व्यक्त गर्दछु ।'

भारतका प्रमुख धार्मिक चाडहरूमा भीडभाड व्यवस्थापन र सुरक्षाको कमीका कारण धार्मिक स्थलहरूमा घातक दुर्घटनाहरू हुने गरेका छन् । गत वर्ष जुलाईमा उत्तर प्रदेशमा हिन्दू धर्मावलम्बीको धार्मिक जमघटका क्रममा १२१ जनाको मृत्यु भएको थियो । सन् २०१६ मा दक्षिणी केरला राज्यको एक मन्दिरमा नयाँ वर्षको अवसरमा प्रतिबन्धित आतशबाजी प्रदर्शनका कारण भएको विष्फोटमा परी ११२ जनाको मृत्यु भएको थियो । *रासस⁄एएफपी*

# लस एन्जलस डढेलोः पाँच जनाको मृत्यु, १५ सयभन्दा बढी घरमा क्षति

**हलिउड, संयुक्त राज्य अमेरिका–** अमेरिकाको लस एन्जलस वरपर फैलिएको डढेलोमा परी कम्तीमा पाँच जनाको मृत्यु भएको अधिकारीहरूले बुधबार बताएका छन् । डढेलो सहरमा प्रवेश गरेपछि घरहरूमा भएको आगलागीका कारण कम्तीमा एक हजार ५०० भन्दा बढी भवन जलेर नष्ट भएका छन् भने एक लाखभन्दा बढी मानिस आफ्नो घरबाट विस्थापित भएका छन् ।

लस एन्जलस काउन्टीका अग्नि नियन्त्रक एन्थोनी मारोनले आफू मातहतका कर्मचारीहरू विपत्तिको परिमाण र गतिसँग जुधिरहेको बताएका छन् । उनले भने, 'हामीले सक्दो प्रयास गरिरहेका छौं तर हामीसँग लस एन्जलसका सबै विभागहरूमा यसलाई ह्यान्डल गर्न पर्याप्त अग्नि नियन्त्रकहरू छैनन् ।'

पासाडेनाका अग्नि नियन्त्रक चाड अगस्टिनका अनुसार आगलागीका कारण ५०० भन्दा बढी भवन नष्ट भएका छन् । उनले आगलागी नियन्त्रणका लागि जुटेका अग्नि नियन्त्रकको प्रशंसा गर्दै आगलागी भीषण रहेको र नियन्त्रणमा ल्याउन निकै कठिनाइ भएको उनले बताए ।

अगस्टिनले पत्रकारहरूसँग भने, 'उनीहरूको वीरतापूर्ण कार्यविना आज आगलागीका कारण मृत्यु हुनेको संख्या उल्लेखनीय रूपमा बढी हुने थियो ।'

लस एन्जलस डिपार्टमेन्ट अफ वाटर एन्ड पावरका प्रमुख कार्यकारी जेनिस क्विनोनेसले प्यासिफिक पालिसडेसमा पानीका स्रोत (हाइड्रेन्ट) सुकेपछि पानीको जथाभावी प्रयोग नगर्न र जोगाएर नियन्त्रण गर्न आग्रह गरेका छन् । अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार आफ्नो सामाजिक सञ्जालमार्फत पानीको अभाव राज्यको वातावरणीय नीतिका कारण भएको दाबी गरेका छन् ।

वास्तवमा, लस एन्जलसको अधिकांश पानी कोलोराडो नदीबाट आउँछ, र आवासीय प्रयोग वा फायर फाइटिङको अलावा यसलाई खेतीमा सिँचाइका लागि प्रयोग गरिन्छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले डढेलो नियन्त्रणका लागि केन्द्रीय स्रोत र साधनसमेतको व्यवस्थापनमा ध्यान केन्द्रित गरिने बताएका छन् । उनले यसै साता इटालीको लागि तय भएको आफ्नो भ्रमण रद्द गरेका छन् । बाइडेनले भने, 'हामी डढेलो नियन्त्रण गर्न जतिसक्दो प्रयास गरिरहेका छौं ।' *रासस⁄एएफपी*

# ट्रम्पले कार्यभार सम्हाल्नुअघि युक्रेनका सहयोगी राष्ट्रहरूले रक्षा बैठक गर्ने

**म्स्टीन एयर बेस, जर्मनी–** पश्चिमी सहयोगीहरू र युक्रेनी अधिकारीहरू राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसहित बिहीबार जर्मनीको एक अमेरिकी बेसमा भेला भएका छन् । यसलाई अमेरिकामा रिपब्लिकन नेता डोनाल्ड ट्रम्पले राष्ट्रपतिको शपथ लिनुभन्दा पहिले हुने उत्तर एटलान्टिक सन्धि संगठन (नाटो) गठबन्धन सदस्यहरूको अन्तिम बैठकका रूपमा हेरिएको छ ।

अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले रामस्टीन एयर बेसमा हुने २५औं वार्तामा किएभका लागि पर्याप्त नयाँ सैन्य सहायता प्याकेजको घोषणा गर्ने अपेक्षा गरिएको छ । युक्रेनका राष्ट्रपति जेलेन्स्कीले आफू बैठकमा सहभागी हुने बुधबार अबेरमात्र बताएका छन् । जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरियससँगै युक्रेनरक्षा सम्पर्क समूहको बैठकमा नेटोका महासचिव मार्क रुट र युरोपेली संघका विदेश नीति प्रमुख काजा कल्लास पनि सहभागी हुने अपेक्षा गरिएको छ ।

करिब तीन वर्ष लामो युद्धमा संलग्न रूसी र युक्रेनी सेनाले जनवरी २० मा ट्रम्पको शपथग्रहणअघि नै आ-आफ्नो स्थान सुरक्षित गर्न खोजिरहेका छन् । किएभका लागि अमेरिकी सैन्य सहायताको आलोचना गर्दै आएका ट्रम्पले सत्तामा आएपछि युद्धको शीघ्र अन्त्य गर्ने वाचा गरेका छन् तर युद्धविराम वा शान्ति सम्झौताका लागि कुनै ठोस प्रस्ताव गरेका छैनन् ।

राष्ट्रपति जो बाइडेनको नेतृत्वमा रहेको संयुक्त राज्य अमेरिका युक्रेनको सबैभन्दा ठूलो युद्धकालीन समर्थक भएको छ । अमेरिकाले फेब्रुअरी २०२२ देखि ६५ अर्ब डलरभन्दा बढीको सैन्य सहायता प्रदान गरेको छ भने एक वरिष्ठ अमेरिकी रक्षा अधिकारीका अनुसार सहायताको बारेमा 'पर्याप्त घोषणा' बिहीबारको बैठकमा आउने सम्भावना छ ।

जर्मनी युक्रेनको दोस्रो ठूलो समर्थक हो । जर्मनीसँगबाट युक्रेनले अहिलेसम्म करिब ३० अर्ब अमेरिकी डलर प्राप्त गरेको छ । अस्टिनले बुधबार एएफपीसँग कुरा गर्दै युक्रेनमा अमेरिकी नेतृत्व 'आवश्यक' रहेको र किएभका लागि निरन्तर सैन्य सहयोग जारी हुनु महत्त्वपूर्ण रहेको बताए । *रासस⁄एएफपी*

# चीनमा इलेक्ट्रिक गाडीको बिक्री ४०.७ प्रतिशतले बढ्यो

**बेइजिङ–** विश्वमा नवीकरणीय उर्जाबाट चल्ने गाडीको माग बढ्दै गएपछि चीनमा गत वर्ष विद्युतीय र हाइब्रिड सवारी साधनको बिक्री ४० प्रतिशतभन्दा बढीले बढेको छ ।

चाइना प्यासेन्जर कार एसोसिएसन (सिपिसिए) ले बिहीबार जानकारी गराएअनुसार 'सन् २०२४ को जनवरीदेखि डिसेम्बरसम्ममा एक करोड आठ लाख ९९ हजार वटा विद्युतीय गाडीको खुद्रा बिक्री भएको छ ।

हालैका वर्षहरूमा बेइजिङको उदार अनुदानबाट प्रेरित चिनियाँ विद्युतीय सवारीसाधनको बजारले व्यापक वृद्धि पाएको छ । सिपिसिएका अनुसार गत वर्ष कूल खुद्रा बिक्रीको करिब आधा अर्थात् ४७.६ प्रतिशत हिस्सा विद्युतीय गाडीले ओगटेको थियो । सिपिसिएको तथ्यांकअनुसार डिसेम्बरमा यस्ता गाडीको बिक्री संख्या १३ लाखभन्दा बढी पुगेको छ । यो वर्षभरिको तुलनामा ३७.५ प्रतिशतले बढी हो र यो लगातार पाँचौं महिना १० लाखभन्दा बढीको बिक्री हो ।

विश्वको सबैभन्दा ठूलो अटोमोटिभ बजार चीनमा घरेलु कार निर्माताहरूबीच कडा प्रतिस्पर्धा देखिएको छ । चिनियाँ बजारमा बिवाइडीले अन्य कारको तुलनामा व्यापक बजार पाएको छ । शेन्जेनस्थित कम्पनीले सन् २०२४ मा विश्वभर ४० लाखभन्दा बढी गाडी बिक्री गरेको थियो । *रासस⁄एएफपी*


## जापानमा रोजगार

कम्पनी : Central Association of Cooperative Businesses

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | LT. No. 316829 | चलानी नं. ६०२३१०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painting | 2 | 0 | 187045 | १६३,०७५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | ५०,००० | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्केएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SATYAWATI OVERSEAS CONCERN PVT. LTD.**
Swoyambhu-15,Halchok, Ring Road, Kathmandu, Nepal, Tel: 01-5383068
E-mail: satyawaticoncern@gmail.com, info@satyawatioverseas.com
श्रम ईजाजत नं. ५०/०५१/०५२



## कुवेतमा रोजगार

कम्पनी : Red Fort Consumer Goods Delivery Co. — सेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 311849 | चलानी नं.६०२२६२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVERS | 21 | 0 | 160 | ७१,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Communication Company for Delivering Consumer Orders — सेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 311243 | चलानी नं.६०२२५७५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVERS | 30 | 0 | 150 | ६६,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Absher Jay Delivery Company — सेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 305686 | चलानी नं.६०२२०४१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 23 | 0 | 135 | ६०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BRIGHT FUTURE HR SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. १६०२/०७९/०८०
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218, Email: brightfuturehrsolution1602@gmail.com



## मलेसियामा रोजगार

कम्पनी : SOUTHERN REALTY SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316880 | चलानी नं. ६०२३११०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 120 | 0 | 1500 | ४५,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ayaan Consultency Services Pvt. Ltd. (GREEN HILL OVERSEAS PVT. LTD.)**
श्रम ईजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661, Email:greenhilloverseas5@gmail.com



## साउदीमा रोजगार

कम्पनी : NOUF PAK OPERATION AND MAINTENANCE CORPORATION

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316843 | चलानी नं. ६०२३१११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OFFICE BOY/CLEANER | 2 | 0 | 1200 | ४३,८४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Euro Tech Consultancy Pvt. Ltd.**
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम ईजाजत नं. ५६७/०६२/०६३



## कुवेतमा रोजगार

कम्पनी : Khalid Ali AlKharafi & Bros Co. for Construction & Contracting K.S.C.C

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 309048 | चलानी नं. ६०२२३६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver /Driver | 20 | 0 | 170 | ७५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 5 | 0 | 100 | ४४,४८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः धनुषा, जनकपुर, Hotel Bhansa Ghar & Family Restaurant मा मितिः २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ । संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Index Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



## युएइमा रोजगार

कम्पनी : AHMAD ALI NAWAZ TECHNICAL SERVICES CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 302294 | चलानी नं. ६०२१७२३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1300 | ४८,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 10 | 0 | 1300 | ४८,५३५ | | | | | | | |
| 3 | Steel Fixer | 20 | 0 | 1300 | ४८,५३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ४ र ५ गते (17 & 18 Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np



## कुवेतमा रोजगार

कम्पनी : THE BRUSH LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316944 | चलानी नं. ६०२३११२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Saloon Worker | 0 | 1 | 160 | ७१,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## साउदीमा रोजगार

कम्पनी : Oasis Seasons Catering Services EST

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316886 | चलानी नं. ६०२३११३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Abdal Human Resource Company, A Closed Joint Stock Company

पूर्व स्वीकृति मिति : २०८०/१०/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 298539 | चलानी नं. ६०२१३५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaning Worker | 6 | 0 | 1000 | ३६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shelving Filling Labour | 15 | 0 | 1000 | ३६,५३५ | | | | | | | |
| 3 | Waiter | 20 | 0 | 1200 | ४३,८४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०


# Narayan Secondary School

## Keshargunj Ishworpur, Sarlahi

### Est:- 2020

## Invitation for Online Bids

**First Date of publication: 2081/09/26 (10 January 2025)**

1. Shree Narayan Secondary School, Keshargunj, Ishworpur Sarlahi invites electronic bids from eligible bidders under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp for applying for this bid.
3. The details of project are as following:

| S. N. | Contract No. | Description Of Work | Bid Security Amount (Nrs.) | Bid Validity Period | Bid Document Cost (Nrs.) | Name and Address of Bank to Deposit Bid Fee and Bid Security | Estimated Cost (With VAT and PS) |
|---|---|---|---|---|---|---|---|
| 1. | SNSS/NCB/ Works/ 01/081/082 | Construction of New School Building of Narayan Ma. Vi. | 3,00,000.00 | 90 Days | 3,000.00 | Name of Office: **Shree Narayan Uchaa Ma.Vi., Keshargunj, Sarlahi,,** Name of Bank : **Nepal Bank Limited, Malangwa, Sarlahi** Account No. :- **02900101211449000001** | 1,35,50,701.85 |

4. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so ever.
5. Bidders are advised to submit the documents required for the submission of bid compulsorily as asked in bid document in proper formats. Failure to do so may result in rejection of the bid.
6. The last date for submission of bid is **2081/10/27 (09 February 2025, 12:00 Noon).**

**Principal**


# वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५३३०० | प्रति तोला – ० | प्रति तोला – १८४० |



**हात्तीले गरेको विनाश** | रौतहटको चन्द्रपुर नगरपालिकाको जुडिबेला र गैंडाटारका किसानले गरेको केराखेतीमा जङ्गली हात्तीले पुऱ्याएको क्षति । करिब पाँच विगाहभन्दा बढी जमिनमा लगाएको केराखेतीमा हात्तीले नोक्सान गरेको छ । *तस्बिरः रमेश तिमलसिना/रासस*

# वायुसेवा निगमका समस्या अध्ययन गर्न उपसमिति

■ प्रभाव संवाददाता



**काठमाडौं** – अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बिहीबारको बैठकले नेपाल वायु सेवा निगमका समस्या समाधानका निम्ति अध्ययन गरी एक महिनाभित्र समितिसमक्ष प्रतिवेदन पेस गर्न चार सदस्यीय उपसमिति गठन गरेको छ । सांसद शिशिर खनालको संयोजकत्वमा गठित उपसमितिमा समितिका सदस्यत्रय छिरिङ ल्हामु लामा (तामाङ), योगेश गौचन थकाली र सुनिता बराल छन् ।

बैठकले संस्कृति, पर्यटन र नागरिक उड्डयन क्षेत्रको बृहत्तर विकासको कार्ययोजना बनाएर त्यसको जानकारी समितिलाई दिन निर्देशन पनि दिएको छ । पर्यटन प्रवर्द्धनका निम्ति विविध जाति, भाषा, धर्म र सांस्कृतिक सम्पदाको संरक्षण तथा जातीय र धार्मिक सङ्ग्रहालय स्थापना गर्नुपर्नेमा बैठकले जोड दिएको समितिका सभापति राजकिशोर यादवले जानकारी दिए ।

पुरातात्विक सम्पदा उत्खननका साथै मन्त्रालयअन्तर्गत सार्वजनिक-निजी साझेदारीमा सञ्चालित आयोजनाको प्रभावकारिता अध्ययन गरी त्यसको जानकारी समितिलाई उपलब्ध गराउन पनि उक्त मन्त्रालयलाई बैठकले निर्देशन दिएको छ ।

भैरहवा र पोखरा अन्तरर्राष्ट्रिय विमानस्थल नियमित रूपमा सञ्चालन गर्न सम्बद्ध निकायहरूबीच सम्झौता गर्ने, नेपाल वायुसेवा निगमको व्यावसायिक योजनालाई कार्यान्वयन गर्ने, राष्ट्रिय महत्व, सुरक्षा र आर्थिक विकासका दृष्टिबाट अत्यावश्यक निर्माणाधीन निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणलाई शीघ्र अघि बढाउन मन्त्रालयलाई निर्देशन दिएको छ । बैठकले पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि बजारीकरण योजनासहितको रणनीतिक कार्ययोजना बनाएर त्यसको जानकारी समितिलाई दिन निर्देशन पनि दिएको छ । देशका विभिन्न जिल्लामा रहेका वायु सेवा निगमको स्वामित्वका जग्गा तथा भौतिक सम्पत्तिको उपयोग योजना तयार गरी चाँडोभन्दा चाँडो कार्यान्वयन गरेर समितिलाई जानकारी दिन निर्देश गरेको छ ।

त्यसअघि संस्कृति, पर्यटन तथा नागरिक उडचनमन्त्री बद्रीप्रसाद पाण्डेले निगममा समस्या समाधान गर्न आफू क्रियाशील रहेको बताएका थिए ।

मन्त्री पाण्डेले निगमका विमान निर्धारित समयमा नै विमान उड्छन् भन्ने सन्देश प्रवाह गर्न जरुरी भएको बताए । नेपाल वायु सेवा निगमलाई सुधार गर्न आफ्नो र मन्त्रालयका तर्फबाट हरसम्भव प्रयत्न भइरहेको उनले दोहोऱ्याएका थिए ।

समितिका सदस्य माधवकुमार नेपालले नेपाल वायु सेवा निगमका कामलाई गुणस्तरीय बनाउन सुझाव दिदै निजीकरणले मात्र समस्या समाधान नहुने तर्क गरे । निजी विमान कम्पनी नाफामा जाने तर नेपाल वायुसेवा निगम घाटामा जानुको कारणको अध्ययन गरी सुधारका कदम अविलम्ब चाल्नुपर्नेमा जोड दिएका थिए । नियामक निकाय नेपाल नागरिक उ•यन प्राधिकरण र निगमबीचको सम्बन्ध सुमधुर नहुँदा पनि समस्या बढेको उनले बताएका थिए ।

# ढुक्क भएर लगानी गर्न उद्योग मन्त्री भण्डारीको आग्रह

■ प्रभाव संवाददाता

**चितवन** – उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योग क्षेत्रमा लगानी मैत्री वातावरण बनाउन सरकार तयार रहेको बताएका छन् । चितवनमा सुरु भएको १५औं चितवन महोत्सवको उद्घाटन गर्दै उनले कानुनमा रहेका समस्या समाधान गर्दै लगानीमैत्री वातावरण बनाउन लागेको बताए ।

उनले भने, 'सरकार लगानी भित्र्याउन आवश्यक वातावरण बनाउन तयार छ । ढुक्क भएर लगानी गर्दा हुन्छ ।' विगतमा लगानी सम्मेलन भए पनि अपेक्षाकृत लगानी भित्र्याउन नसकिएको बताउँदै उनले आगामी लगानी सम्मेलनबाट उपलब्धि हासिल हुनसक्ने बताए । नीतिगत समस्या समाधान गरी अघि बढ्न सरकारले काम गरिरहेको उनको भनाई थियो ।



उनले विभिन्न समयमा हुने यस्ता मेला महोत्सवले देशको अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने बताए । बागमती प्रदेशका वन तथा वातावरणमन्त्री कृष्ण सिलवालले उद्योगीको हकहितका लागि काम गर्न तयार रहेको बताए । उनले भने, 'उद्योगीको समस्या समाधान गर्न प्रदेश सरकारले सहुलियतमा ऋण प्रदान गर्न बजेटबाटसमेत सम्बोधन गरेको छ ।' उक्त अवसरमा भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले निजी क्षेत्रसँग सहकार्य गरेर गरिएका हरेक कार्यक्रम प्रभावकारी हुने गरेको उल्लेख गर्दै यस्ता मेला महोत्सवले जिल्लाको मात्रै नभएर समग्र देशको अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने बताए ।

महोत्सव उद्योग वाणिज्य संघ चितवनले आयोजना गरेको हो । महोत्सवका संयोजक एवं उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले आगामी माघ १० गतेसम्म सञ्चालन हुने महोत्सवमा पाँच लाख बढी दर्शकले अवलोकन गर्ने र रु १० करोड बराबरको कारोबार हुने अनुमान गरिएको जानकारी दिए । महोत्सवमा चार सय ३० वटा प्रदर्शनी कक्ष राखिएका छन् । महोत्सवमा चीनको छुट्टै प्रदर्शनी कक्ष रहेको छ ।

# बागमती बगरमा तरुल उत्पादन गर्दै किसान

**सर्लाही (प्रस)** – यहाँको बागमती नगरपालिका-५, टेकानीका दलबहादुर लुंगेलीलाई हिजोआज तरूल खन्न भ्याइनभ्याइ छ । उनले बागमती बगरमा पाँच कट्ठा खेतमा तरूल लगाएका छन् । चाडबाडको मुखमा मूल्यसमेत राम्रो पाइने भएकाले पुसको तेस्रो सातासम्म तरूल बेचिसक्ने उनको योजना छ । 'तरूलको मूल्य माघेसङ्क्रान्तिमा राम्रो पाइन्छ', उनले भने, 'त्यसकारण पुस २५/२६ सम्म बेचिसक्ने योजना छ ।' तरूल स्वस्थ्यका दृष्टिले चिसो मौसममा उपयोगी मानिने भएकाले यसबेला मूल्य बढ्ने गरेको छ ।

दलबहादुरझैं यहाँका किसानहरूलाई माघेसङ्क्रान्ति नजिकिएसँगै तरूल खन्न भ्याइनभ्याइ छ । बागमती नगरपालिका-५ स्थित बागमती नदी उकास जमिनमा किसानले ठूलो क्षेत्रफलमा तरूल खेती गर्ने गरेका छन् । बालुवा तथा खोलाको पाँगो माटो भएका जग्गामा तरूल उत्पादन राम्रो हुने गरेको स्थानीय किसान हिरालाल मण्डलको भनाइ छ । 'बगरको खेती सुन जस्तै बनेको छ', उनले भने, 'तरूल उत्पादनबाट मनग्य आम्दनी हुन्छ ।'

तरूलखेती गरेका बागमती नगरपालिका-४ जिराएतका किसान विमल खड्काले तरूलको उत्पादन राम्रो हुँदा अन्य बालीभन्दा धेरै आम्दानी हुने गरेको बताए । खड्काले पनि एक बिघामा तरूल लगाएका छन् ।

यहाँका किसानले आकाशे र पत्ताले गरी दुई जातको तरूल उत्पादन गर्ने गरेका छन् । आकाशे अर्थात् सेतो तरूल कम स्वादिलो हुने धेरै उत्पादन हुने तथा मूल्य केही कम हुने गरेको बागमती-४, जिरायतका तरूल व्यापारी राम दरेस महतोले बताए । अर्को पत्ताले अर्थात् रातो जातको तरूल भने, उत्पादन कम हुने, खान स्वादिलो हुने भएकाले मूल्यसमेत महंगो उनको भनाइ छ । यहाँका किसानले प्रतिबिघा ८० देखि एक सय २० क्विन्टलसम्म तरूल फलाउने गरेका छन् ।

# उपल्लो मुस्ताङमा पर्यटक बढे

■ प्रभाव संवाददाता

**म्याग्दी** – सन् २०२४ मा चार हजार बढी पर्यटकले उपल्लो मुस्ताङ भ्रमण गरेका छन् । सन् २०२३ को तुलनामा २०२४ मा १४ दशमलव २० प्रतिशतले पर्यटक आगामन वृद्धि भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को लोमान्थाङ कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख उमेश पौडेलले सन् २०२३ मा तीन हजार चार सय ८४ विदेशी पर्यटक यहाँ आएका बताउँदै सन् २०२४ मा चार हजार ६१ जना विदेशीले उपल्लो मुस्ताङ भ्रमण गरेका जानकारी दिए ।

उनका अनुसार सडक सञ्जाल विस्तार, अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका उत्कृष्ट दश गन्तव्यमा समेटिनु, प्रचारप्रसार, डिजिटल मार्केटिङ, सुविधायुक्त होटल सञ्चालन, अनलाइनमार्फत रुट परमिट लिने प्रणाली सुरुलगायत कारणले यहाँ पर्यटक आगमन बढेको हो ।



सन् २०२२ मा तीन हजार एक सय १२, सन् २०२१ मा तीन सय ३२, सन् २०२० मा ६२ र सन् २०१९ मा तीन हजार नौ सय १८ विदेशी पर्यटक उपल्लो मुस्ताङ पुगेका एक्याप कार्यालयले जनाएको छ । सन् २०१७ मा हालसम्मकै बढी चार हजार एक सय १५ विदेशी नागरिक यहाँ पुगेका कार्यालय प्रमुख पौडेलले जानकारी दिए ।

कलात्मक पहाड, उजाड मरुभूमिजस्तै भूगोल, माटोले बनाइएका घर, हिमाली जीवनशैली, पुरानो तिब्बती संस्कृति, ऐतिहासिक महत्वका दरबार, गुम्बा, छोर्तेन, कोरला नाका उपल्लो मुस्ताङका आकर्षण हुन् । बौद्ध तथा हिन्दु धर्मावलम्बीहरूको साझा तीर्थस्थल दामोदरकुण्ड पनि उपल्लो मुस्ताङमा अवस्थित छ ।

चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको मुस्ताङको लोमान्थाङ, लोघेकर दामोदरकुण्डको सबै र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ को साविक छुसाङ गाउँ विकास समिति र वारागुङ मुक्तिक्षेत्र-५ को साङ्तालाई सुरक्षा संवेदनशिलताका कारण सरकारले निषेधित क्षेत्र तोकेको छ । मनाङ र गोरखाका केही भूगोल पनि निषेधित क्षेत्रमा समेटिएका छन् ।

उपल्लो मुस्ताङ भ्रमण गर्न नेपाली बाहेकले अध्यागमन विभागलाई पाँच सय अमेरिकी डलर शुल्क तिरेर १० दिनका लागि विशेष किसिमको अनुमति लिनुपर्ने नियम छ । दश दिनभन्दा बढी भ्रमण गर्न प्रतिदिन थप ५० डलरका दरले शुल्क तिर्नुपर्ने एक्यापका प्रमुख पौडेलले जानकारी दिए ।

लोमान्थाङ गाउँपालिका-१ मा पर्ने नेचुङ भन्दा माथि पर्यटकलाई जान रोक लगाइएको छ । सरकारले सन् १९९२ देखि उपल्लो मुस्ताङलाई विदेशी नागरिकलाई अनुमतिसहित निर्धारित शुल्क तिरेर निश्चित समयसम्म घुम्न पाउने व्यवस्था मिलाएको थियो । निषेधित क्षेत्रमा बढी शुल्क तिर्नुपर्ने हुँदा पर्यटक आगमन बढ्न नसक्दा स्थानीयको जनजीवन तथा आर्थिक गतिविधि प्रभावित भएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्वु गुरुङले बताए । निषेधित क्षेत्रमा शुल्कमा केही छुटको व्यवस्थाका लागि प्रदेश र संघीय सरकारसँग माग गरिरहेको भन्दै पर्यटकको आगमन बढे स्थानीयको आर्थिकस्तर सुधार हुँदै जाने उनले उल्लेख गरे ।


**विज्ञापनसम्बन्धी बाँकी बक्यौता रकम भुक्तानी गरिदिनु हुन अत्यन्त जरूरी सूचना !**

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएका सम्पूर्ण विज्ञापनदाता, म्यानपावर र संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरेबापतको बाँकी बक्यौता रकम यही २०८१ साल **पुस मसान्त**भित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि
तथा
प्रभाव दैनिक
सिफल-७, काठमाडौं
फोन नं. ०१-४३७३५७७, ०१-४५८४३६८
marketing2prabhab@gmail.com, prabhabdailynews@gmail.com



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्सप्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ